कार्यपालिकाबाट स्वीकृत, मिति - २०७८/११/१०

# घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

**घ्याङलेख गाउँपालिका वडा नं १ भएर बग्ने सिम्ले खोला, वडा नं २ भएर बग्ने ठाडे खोला, वडा नं १, २ र ३ भएर बग्ने मरिण खोला, वडा नं ३ र ४ भएर बग्ने तामाजोर खोला, वडा नं ५ भएर बग्ने राङ्चा खोला र रामपूर खोला क्षेत्रहरुबाट नदीजन्य प्रकृतिक पदार्थको संकलन तथा उत्खननको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन**

**सहयोगी संस्था:**

**आर.डि.इन्जिनियरिङ्ग कन्सल्टेन्सी**
**धुम्बाराहि, काठमाण्डौ**

CamScanner

## Table of Contents


अध्याय एक (Chapter I)

परिचय(Introduction) 1

१.१ प्रस्तावको नाम 1

१.२ प्रस्तावकको नाम र ठेगाना 1

१.३ IEE प्रतिवेदन तयार पार्ने संस्था 1

१.४ प्रस्तावको पृष्ठभूमि 2

१.५ IEE को उद्देश्यहरु 3

अध्याय दुई (Chapter II) 4

प्रस्तावको सामान्य परिचय (General Information) 4

२.१ प्रस्तावको प्रकार 4

२.२ प्रस्तावका प्रमुख विशेषताहरु 4

२.३प्रस्तावको विवरण 5

२.३.१प्रस्तावको उद्देश्य 5

२.३.२प्रस्ताव क्षेत्रको अवस्थिती: 5

२.३.३. प्रस्ताव क्षेत्रमा यातायातको पहुँच: 6

२.३.४. प्रभाव क्षेत्र निर्धारण: 6

२.३.५ उत्खनन्/संकलन र ढुवानी (कार्य र विधि) 6

२.४ प्रस्तावित क्षेत्रमा उत्खनन/संकलन् कार्य 7

२.४.१ प्रस्ताव क्षेत्रमा हाल कायम उत्खनन्/संकलन कार्य 7

२.४.२ वालुवाको उत्खनन्/संकलन ठेक्कापट्टावाट हुने आयको प्रचलन 7

२.४.३ संकलन/उत्खनन् गरिने परिमाणको आकलन (वार्षिक र दैनिक रुपमा उत्खनन्/संकलन गर्न 8

अध्याय तीन (Chapter III) 9

अध्ययन विधि (Study Methodology) 9

३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेशण: 9

३.२ फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण 10

३.३ तथ्याङ्क विश्लेशण, प्रभावहरुको पहिचान/मुल्याङ्कन, प्रभाव न्यूनीकरणका विधीहरुको पहिचाहन 10

अध्याय चार (Chapter IV) 11

विधान, नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड एवं सम्मेलनहरुको पुनरावलोकन 11

४.१ नेपालको संविधान, २०७२ 11

४.२ सर्वोच्च अदालतको आदेश 11

४.२.१ रोडा, ढुंगा, गिट्टी तथा वालुवा सम्बन्धी अदालतको आदेश 11

४.३ नीति तथा रणनीति 12




CamScanner

प्रमुख प्रशासकीय अधिकृत


४ ३ १ राष्ट्रिय संरक्षण रणनीति २०४५ — 12

४ ३ २ वातावरण सम्बन्धित नीति — 12

४ ४ ऐन तथा नियमावली — 12

४ ४ १ वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियावली, २०७७ — 12

४ ४ २ खानी तथा खनिज पदार्थ ऐन –२०४२ — 13

४.४.३ वन सम्बन्धि ऐन, २०४९ — 13

४.४.४ स्थानीय शासन संचालन ऐन, २०७४ — 14

४.३.५ जलचर संरक्षण ऐन, २०१७ पहिलो संशोधन २०५५ — 14

४.४.६ जलचर संरक्षण (पहिलो संशोधन) ऐन, २०५५ — 14

४.४.७ फोहोर मैला व्यवस्थापन ऐन, २०६८ — 15

४.४.८ वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७० — 15

४.५ निर्देशिका — 15

४.५.१ वातावरणीय प्रभाव मूल्याङकन निर्देशिका — 15

४.५.२ वन सम्वन्धी निर्देशिकाहरु — 16

४.५.३ नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, प्रदेश ३, २०७५ — 16

अध्याय पांच (Chapter V) — 18

वस्तुगत वातावरणीय अवस्था — 18

(Description of the Existing Environmental Conditions) — 18

५.१. भौतिक वातावरण — 18

५.२ जैविक वातावरण: — 21

५.२.१ वन तथा वनस्पति — 21

५.२.२ गैरकाष्ठ पैदावार तथा जडीवुटीहरु — 21

५.२.३ वन्यजन्तुहरु: — 21

५.२.४ पंक्षीहरु: — 21

५.२.५ जलचरहरु — 22

५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण: — 22

अध्याय ६ (Chapter VI) — 25

प्रस्ताव कार्यान्वयनका विकल्पहरु — 25

(Alternatives for the Implementation of the proposal) — 25

६.१ प्रस्ताव कार्यान्वयन नगर्ने — 25

६.२ प्रस्तावका विकल्पहरु — 26

६.२.१ वैकल्पिक क्षेत्र — 26

६.२.२ वैकल्पिक समय तालिका एवं विधि — 26




CamScanner

६ २ ३ वैकल्पिक सम्पदाहरु 26
अध्याय सात (Chapter VII) 27
प्रभाव पहिचान, अनुमान एवं मूल्याङ्कन 27
(Impact Identification, Prediction and Evaluation) 27
७.१ प्रस्तावको अनुकुल प्रभावहरु 27
७.१.१ भौतिक प्रभाव 27
७.१.२ आर्थिक, सामाजिक एवं सांस्कृतिक प्रभाव 28
७.१.३ जैविक प्रभाव 30
७.२ प्रस्तावका प्रतिकूल प्रभावहरु 30
७.२.१ भौतिक प्रभाव 30
७.२.२ आर्थिक, सामाजिक एवं सांस्कृतिक प्रभाव 31
७.२.३ जैविक प्रभाव 32
७.२.४ रसायनिक प्रभाव 33
अध्याय आठ (Chapter VIII) 38
प्रभाव वढोत्तरिकरण एवं न्यूनीकरण गर्ने उपायहरु 38
(Impact Mitigation and Enhancement Measures) 38
८.१ प्रस्तावको अनुकुल प्रभावहरु वढोत्तीरकरण 38
८.१.१ भौतिक वातावरण 38
८.१.२ आर्थिक, सामाजिक एवं सांस्कृतिक वातावरण 39
८.१.३ जैविक वातावरण 39
अध्याय नौ (Chapter IX) 44
वातावरणीय व्यवस्थापन योजना (Environmental Management Plan) 44
९.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु 44
९.२ अनुगमन तथा वातावरणिय व्यवस्थापन योजना र समय तालिका: 45
९.३ अनुगमन र न्यूनीकरणको खर्चको विवरण 46
९.४ वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरुको संगठनात्मक स्वरुप 48
अध्याय दश (Chapter X) 49
निष्कर्ष एवं सुझावहरु (Conclusion and Recommendations) 49
१०.१ निष्कर्ष 49
१०.२ गाउँपालिकाको प्रतिवद्धता 50
अनुसुची १ : सार्वजनिक सुचनाको अर्धकट्टी 52
अनुसुची २ : परिक्षण सुची/जाच सुची एवं प्रश्नावली 53
अनुसुची ३ : अध्ययन नक्सा तथा तस्विरहरु 62

अध्याय एक(Chapter I)

# परिचय(Introduction)

प्रमुख प्रशासकीय अधिकृत

## १.१ प्रस्तावको नाम

नेपालको बागमती प्रदेश अन्तर्गत सिन्धुली जिल्लाको घ्याङलेख गाउँपालिका वडा नं १ भएर बग्ने सिम्ले खोला, वडा नं २ भएर बग्ने ठाडे खोला, वडा नं १, २ र ३ भएर बग्ने मरिण खोला, वडा नं ३ र ४ भएर बग्ने तामाजोर खोला, वडा नं ५ भएर बग्ने राङ्चा खोला र रामपूर खोला क्षेत्रहरुबाट नदीजन्य प्रकृतिक पदार्थको संकलन तथा उत्खनन्को प्रारम्भिक वातावरणीय परिक्षण गर्ने ।

## १.२ प्रस्तावकको नाम र ठेगाना

नाम : घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

ठेगाना : हायुटार, सिन्धुली

Website : www.ghyanglekhmun.gov.np

Email: info@ghyanglekhmun.gov.np; ito.ghyanglekhmun.gov.np

सम्पर्कनं : ९८५४०४१८९२ (प्रशासन) ९८४११६४६६५ (सुचना)

## १.३ IEE प्रतिवेदन तयार पार्ने संस्था

संस्थाको नाम : आर.डी. इन्जिनियरिङ कन्सल्टेन्सीकाठमाण्डौ ।

ठेगाना : धुम्बाराहि, काठमाण्डौं

फोन नं. : ०१-४१००८६१२

अध्यनय टोलीका सदस्यहरु

ईन्जिनियरिङ भूगर्भविद: श्री सुधनकुमार सुवेदी

वातावरणविद् : श्री संगितापौडेल

सामाजशास्त्री : श्री अशोक कुमार भुजेल

जिवशास्त्री: श्री सुरेन्द्र कुमार सुवेदी

## १.४ प्रस्तावको पृष्ठभूमि

जलश्रोतको दृष्टिकोणवाट नेपाल विश्वको दोश्रो स्थानमा रहेको छ । नेपालका नदीहरुले वर्षाको समयमा विभिन्न भुभागवाट बहदै आउदा वार्षिक रुपमा विभिन्न प्रकारका नदीजन्य प्रकृतिक पर्दाधहरु बगाउदै ल्याईरहेको हुन्छ । खोला, नदीहरुमा बगेर आउने नदीजन्य प्रकृतिक पर्दाथहरुको उत्खनन्/संकलन गरी विकास निर्माणलाई तिव्र वनाउदै लैजानु आजको प्रमुख आवश्यकता रहेको छ । यसवाट स्थानीय तहमा राजश्वको आम्दानी वढ्ने, स्थानीय स्तरमा विकास निर्माणको लागि स्थानीय कच्चा पदार्थको सहज रुपमा उपलव्ध हुने हुन्छ । तर अधिक मात्रामा यस्ता पर्दाथहरुको दोहन हुदा स्थानीय स्तरमा प्रकृतिक प्रकोप, नदी कटान जस्ता वातावरणिय प्रभावहरु, धार्मिक तथा सास्कृतिक प्रभावहरु पर्ने सक्ने हुनेले यस्ता प्रभावहरुलाई न्यूनीकरण गर्दै दिगो र वातावरण मैत्री ढङ्गवाट नदीजन्य पदार्थको उत्खनन्/संकलन गर्नका लागि नेपाल सरकार, संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालयले प्राकृतिक पर्दाथको उत्खनन्/संकलनका लागि वातावरणिय प्रभाव मुल्यांकन (IEE)को अनिवार्य व्यवस्था गरेको छ र विगतमा केन्द्रिय स्तरमा रहेको यस अधिकारलाई सम्वन्धित जिल्ला समन्वय समितितथा स्थानिय निकाय (गाउँपालिका) मा प्रत्यायोजन गरी प्रकृयागत सरलता र सहजता भएको छ ।

नदीजन्य प्रकृतिक पर्दाथवाट संकलन हुने राजश्व रकम घ्याङलेख गाउँपालिकाको आन्तरिक आम्दानीको प्रमुख आम्दानीको श्रोतका रुपमा रहने देखिन्छ ।गाउँपालिका द्वारा उत्खनन् कार्य व्यवस्थित गर्नका लागि नदीको विभिन्न स्थानहरुबाट ढुङ्गा गिट्टी उत्खनन् गर्न सम्बन्धित वडाहरुमा निश्चित स्थानहरु तोकिदिएको छ । नदीजन्य पदार्थको संकलन तथा उत्खनन् कार्य गर्नको लागि गाउँपालिकाले घ्याङलेख गाउँपालिकामा पर्ने वडा नं १ भएर बग्ने सिम्ले खोला, वडा नं २ भएर बग्ने ठाडे खोला, वडा नं १, २ र ३ भएर बग्ने मरिण खोला, वडा नं ३ र ४ भएर बग्ने तामाजोर खोला, वडा नं ५ भएर बग्ने रामपूर खोला र राङ्चा खोलापर्ने क्षेत्रलाई प्रस्ताव गरेको छ ।

तोकिएका स्थानमा खोलाबाट कति मात्रामा नदीजन्य पदार्थहरु सङ्कलन गर्न सकिन्छ र कति गर्दा वातावरणमा कमभन्दा कम असर पर्छ, कसरी वातावरणमैत्री उत्खनन् गरी दिगो विकासलाई अवलम्वन गर्न सकिन्छ भन्ने मुख्य उद्देश्यका साथ यो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्न लागिएको हो । स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३४ को प्रावधान अनुरुप मिति २०७३ भाद्र २९ गते देखीलागु हुने गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरिएको मार्ग दर्शनका आधारमा यो प्रतिवेदन तयार पारिएको छ ।

## १.५ IEE को उद्देश्यहरु

घ्याङलेख गाउँपालिका भित्रका प्रस्तावित खोलाबाट प्राकृतिक नदीजन्य पदार्थको संकलन बारे स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरि वातावरण मैत्री रुपमा घ्याङलेख गाउँपालिका भित्रको खोलाहरुबाट ढुङ्गा गिट्टी संकलनमा टेवा पुऱ्याउनु IEE को प्रमूख उद्देश्य रहेको छ। अन्य बिशिष्ट उद्देश्यहरु निम्मानुसार रहेका छन्।

- खोलाको अवस्था, स्थिती र वहावलाई नियन्त्रण गर्ने उपाय पत्ता लगाई अवलम्वन गर्ने।
- खोलाको बहाव र वनोट व्यवस्थित गरि वालुवाको उत्खननबाट आम्दानी गर्ने।
- स्थानीय स्तरमा वैकल्पिक रोजगारी सिर्जना गरी थप आय आर्जनको अवसरहरु प्रदान गर्ने
- स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा प्राकृतिक स्रोतबाट योगदान दिने।
- खोलाबाट व्यवस्थित रुपमा नदीजन्य पदार्थ संकलन गरि खोलाको समेत संरक्षणको व्यवस्था मिलाउने।

अध्यायदुई(Chapter II)

## प्रस्तावको सामान्य परिचय(General Information)

### २.१ प्रस्तावको प्रकार

प्रस्तुत प्रस्ताव बागमती प्रदेश अन्तर्गत सिन्धुली जिल्लाको घ्याङलेख गाउँपालिका वडा नं १ भएर बग्ने सिम्ले खोला, वडा नं २ भएर बग्ने ठाडे खोला, वडा नं १, २ र ३ भएर बग्ने मरिण खोला, वडा नं ३ र ४ भएर बग्ने तामाजोर खोला, वडा नं ५ भएर बग्ने रामपूर खोला र राङ्चा खोला क्षेत्रहरुबाट ढुङ्गा गिट्टी जस्ता नदीजन्य वस्तुहरुको दिगो एवं वातावरण मैत्री तवरले उत्खनन् तथा सङ्कलन गर्ने कार्यका लागितयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण(IEE)प्रतिवेदन हो ।

### २.२ प्रस्तावका प्रमुख विशेषताहरु

| | | |
|---|---|---|
| क | प्रदेश | बागमतीप्रदेश |
| ख | जिल्ला | सिन्धुली |
| ग | गाउँपालिका | घ्याङलेख गाउँपालिका |
| घ | सङ्कलन तथा उत्खनन क्षेत्र | वडा नं १ भएर बग्ने सिम्ले खोला, वडा नं २ भएर बग्ने ठाडे खोला, वडा नं १, २ र ३ भएर बग्ने मरिण खोला, वडा नं ३ र ४ भएर बग्ने तामाजोर खोला, वडा नं ५ भएर बग्ने रामपूर खोला र राङ्चा खोला क्षेत्र |
| ङ | सङ्कलन /उत्खनन विधि | सामान्य हाते औजार वाकामदार तथा आवश्यकता अनुसार बहाब क्षेत्र बाहेक साना मेशिनरी औजार प्रयोग गरी उत्खनन् गर्न पाइने |
| च | सङ्कलन/उत्खनन ढुवानी कार्यमा प्रयोग हुने सामाग्री वा मशीनरी | लोडर, टिपर, ट्रयाक्टर आदि |
| छ | सङ्कलन /उत्खनन गरीने अवधि | बर्षायाम बाहेक (असोज १ गते देखि जेष्ठ मसान्त सम्म २७० दिन प्रतिवर्ष) |
| ज | जम्मा भएको परिमाण | ५३९०२.७५ घ.मि. |

प्रमुख प्रशासकिय अधिकृत

| | | |
|---|---|---|
| भ | उत्खनन् गर्न सकिने परिमाण | ३२३४१.६५ घ.मि. |
| ञ | प्रस्ताव अर्न्तगतका कार्यहरु | सङ्कलन,उत्खनन् र ढुवानी |
| ट | IEE प्रतिवेदनको वैधानिकता | IEE प्रतिवेदन स्वीकृत भएको मितिले २ वर्ष सम्म |
| ठ | उत्खनन् गर्न सकिने समय | बिहान ९ बजे देखी बेलुका ५ बजे सम्म |
| ड | प्रतिदिन उत्खनन् गर्न मिल्ने परिमाण | ११९.७८ घ.मि |
| ढ | उत्खनन् गर्न मिल्ने औसत गहिराइ | १.५ मि. |

## २.३ प्रस्तावको विवरण

### २.३.१ प्रस्तावको उद्देश्य

यस प्रस्तावको निम्न उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

- ढुङ्गा गिट्टीबालुवाको दिगो एवं वातावरण मैत्री रुपमा उत्खनन्/सङ्कलन एवं जल उत्पन्न प्रकोपको न्यूनीकरण गर्ने ।
- ढुङ्गा गिट्टीबालुवाको सङ्कलन कार्यबाट स्थानीय जनतालाई रोजगारका अवसर सिर्जना गरि आयवृद्धि गर्न सघाउ पुऱ्याउने ।
- स्थानीय श्रोतको सदुपयोग गर्ने, नदीको छेउछाउमा रहेका भूमि, बस्ती तथा वनस्पतिको संरक्षण गर्ने ।
- स्थानीय श्रोत संकलन र सदुपयोगको वैधानिक पद्धति कायम गरी स्थानीय तहको आम्दानी वृद्धि गर्ने ।

### २.३.२ प्रस्ताव क्षेत्रको अवस्थिती:

ढुंगा, गिट्टी, बालुवा सङ्कलनका लागि प्रस्तावित घ्याङलेख गाउँपालिकाको वडा नं १ भएर बग्ने सिम्ले खोला, वडा नं २ भएर बग्ने ठाडे खोला, वडा नं १,२ र ३ भएर बग्ने मरिण खोला,वडा नं ३ र ४ भएर बग्ने तामाजोर खोला,वडा नं ५ भएर बग्ने रामपूर खोला र राङ्चा खोला क्षेत्रहरुबाट नदीजन्य प्रकृतिक पदार्थको संकलन तथा उत्खनन्को क्षेत्र बागमती प्रदेशको सिन्धुली जिल्लाको सदरमुकामबाट पश्चिमउत्तरमा पर्ने यो गाउँपालिका सिन्धुली बजारबाट ३५ कि.मी र सिन्धुली



CamScanner

जिल्ला हुदै जाने वि.पि. राजमार्गको पिपल भञ्ज्याङबाट २२ कि.मी. को दुरीमा अवस्थित रहेको छ । यो गाउँपालिका २७ डिग्री १८ मिनटदेखि २७ डिग्री २१ मिनट उत्तरी अक्षांश र ८५ डिग्री ४१ मिनटदेखि ८५ डिग्री ५२ मिनट पूर्वी देशान्तरमा अवस्थिति छ। यस गाउँपालिकाको पूर्वमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका, पश्चिममा काभ्रेपलान्चोक जिल्लाको महाभारत र सिन्धुली जिल्लाको मरिण गाउँपालिका, उत्तरमा काभ्रेपलान्चोक जिल्लाको रोशी र सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका र दक्षिणमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र मरिण गाउँपालिका पर्दछन् ।

२.३.३. प्रस्ताव क्षेत्रमा यातायातको पहुँच:

प्रस्ताव सिन्धुली जिल्लाको सदरमुकामबाट पश्चिम उत्तरमा पर्ने यो गाउँपालिका सिन्धुली बजारवाट ३५ कि.मी. र सिन्धुली जिल्ला हुदै जाने वि.पि. राजमार्गको पिपल भञ्ज्याङबाट २२ कि.मी. को दुरीमा अवस्थित रहेको छ। प्रस्ताव मुख्य सडकहरुसँग जोडीने कच्ची सडक खण्डमा पर्ने भएकोले तथा शाखा मार्गहरु पनि वाह्रै महिना सवारी साधान चल्न सक्ने मार्गका रुपमा रहेका छन् भने पहुँच मार्ग ग्रावेल/कच्ची रहेको छ।

२.३.४. प्रभाव क्षेत्र निर्धारण:

प्रभाव क्षेत्रको निर्धारण प्रस्ताव कार्यन्वयन क्षेत्र वरपरको दुरी तथा धुलो एवं धुँवा बाट पर्ने प्रभाव वा असरको आधारमा दुई भागमा विभाजन गरिएको छ।

**प्रत्यक्ष प्रभाव क्षेत्र:** ढुंगा, गिट्टी, बालुवा लगायत निर्माण सामग्रीको उत्खनन्/संकलन कार्यको प्रस्तावित क्षेत्रको वरपर २०० मिटर सम्मको दुरीको क्षेत्र साथै पहुँचमार्गको वरिपरिको क्षेत्र र निर्माण सामग्रीको संकलन तथा ढुवानी गर्ने सडक संग जोडिएका क्षेत्रहरु पर्दछन्।

**अप्रत्यक्ष प्रभाव क्षेत्र:** यस क्षेत्रलाई सामान्यतय सामाजिक-आर्थिक दृष्टिकोणबाट हेरिएको छ। ढुंगा, गिट्टी, बालुवा लगायत निर्माण सामग्रीको उत्खनन्/संकलन कार्यको प्रस्तावित क्षेत्रको ३ कि.मी टाढाको क्षेत्रहरु पर्दछन्। पहुँच मार्गहरु समेत अप्रत्यक्ष प्रभाव क्षेत्र भित्र पर्दछन्।

२.३.५ उत्खनन्/संकलन र ढुवानी (कार्य र विधि)

- ❖ नदी तथा नदीहरुबाट ढुंगा, गिट्टी, बालुवाको उत्खनन गरी सँकलन गर्दा नदी किनारबाट ५ मि. टाढाबाट मात्र गरिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- उत्खनन् कार्य जि.स.स/ गाउँ कार्यपालिकाको प्रस्तावको क्षेत्र निर्धारण सम्बन्धि उल्लेख गरिएका निर्देशनहरुलाई आधार मानी उत्खनन् कार्य गरिनेछ ।
- खाल्डाहरु खनेर ढुंगा, गिट्टी, बालुवाको संकलन गरि नदी किनारको जमिनमा जम्मा गर्ने र नदी भित्रबाट झिक्ने कार्यलाई निरुत्साहित गर्ने ।
- उत्खनन् गरिएको सामग्रीको थुप्रो तुरुन्तै उक्त स्थानबाट उठाइनेछ ।
- सामुदायिक वनको क्षेत्रमा उत्खनन् गरिने छैन ।
- पक्की पुलको तल माथि ५०० मिटर र झोलुङ्गे पुलको २०० मिटर तल माथि उत्खनन् कार्य बन्देज गरिनेछ ।

## २.४ प्रस्तावित क्षेत्रमा उत्खनन/संकलन् कार्य

प्रस्तावित क्षेत्र उत्खनन् तथा संकलन कार्यका लागि परम्परागत स्थान हो । यो स्थान बाट गैची, बेल्चा हतौडा जस्ता साना घरेलु औजारको प्रयोग गरी संकलन गरिने छ ।

### २.४.१ प्रस्ताव क्षेत्रमा हाल कायम उत्खनन्/संकलन कार्य

हाल प्रस्ताव गरिएको उत्खनन्/संकलनका लागि प्रस्ताव गरिएको प्रस्तावित क्षेत्रमा मध्ये अधिकांश स्थानमा सामान्य घरेलु प्रयोजनका लागि उत्खनन्/संकलन गरिएको छ । साथै साना खालका मेसिनरी साधनहरु पनि संचालनमा आएका छन् ।

| कार्यहरु | हालको प्रचलत र विधी | प्रस्ताव गरिएको प्रचलन र विधी |
|---|---|---|
| संकलन तथा उत्खनन क्षेत्रहरु | उक्त क्षेत्रमा घरेलु प्रयोजनका निम्ती घरेलु औजारहरु कुटो, कोदालो, सावेलवाट कार्य गर्दै आईरहेको । | घरेलु औजार अनुसार प्रस्ताव गरिएको लम्वाई, चौडाई र गहिराई अनुसार मात्र गर्ने । |
| संकलन/उत्खनन् विधी र प्रविधी | घरेलु औजारको प्रयोग गर्ने गरेको । | घरेलु औजारवाट नै संकलन/उत्खननलाई सिफारिस गरिएको । |

### २.४.२ बालुवाको उत्खनन्/संकलन ठेक्कापट्टावाट हुने आयको प्रचलन

प्रस्तावित क्षेत्रबाट नदीजन्य पदार्थ ढुङ्गा, गिटी, बालुवा उत्खनन्/संकलनको कार्यबाट प्राप्त आम्दानीलाई गाउँपालिकाको विकास निर्माणको कार्यमा लगानी गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

२.४.३संकलन/उत्खनन् गरिने परिमाणको आकलन (वार्षिक र दैनिक रुपमाउत्खनन्/संकलन गर्न

| क्र. सं | संकलन/ उत्खनन् गरिने ठाँउको नाम | अक्षांश | देशान्तर | क्षेत्रफल (लम्बाई X चौडाई) | गहिराइ | जम्मा भएको परिमाण घ.मि. | उत्खनन् गर्न मिल्ने परिमाण(६०%) | दैनिक उत्खनन् गर्न मिल्ने परिमाण |
|---|---|---|---|---|---|---|---|---|
| 1 | तामाजोर खोला | 27°20'34.65" N | 85°45'49.44 "E | 918 | 1.5 | 1377 | 826.2 | 3.06 |
| | | 27°20'20.61N " | 85°45'34.96 "E | 3354 | 1.5 | 5031 | 3018.6 | 11.18 |
| | | 27°20'09.91N " | 85°44'40.55 "E | 3339 | 1.5 | 5008.5 | 3005.1 | 11.13 |
| | | 27°20'07.99" N | 85°44'30.85 "E | 1195 | 1.5 | 1792.5 | 1075.5 | 3.98 |
| 2 | रामपूर खोला | 27°20'45.76" N | 85°43'33.27 "E | 5071 | 1.75 | 8874.25 | 5324.55 | 19.72 |
| | | 27°21'23"N | 85°43'48.25 "E | 4327 | 1.5 | 6490.5 | 3894.3 | 14.42 |
| | | 27°21'46.59" N | 85°43'55.27 "E | 12470 | 1.5 | 18705 | 11223 | 41.56 |
| 3 | ठाडे खोला | 27°19'27.28" N | 85°47'50.23 "E | 237 | 1.5 | 355.5 | 213.3 | 0.79 |
| 4 | मरिण खोला | 27°19'28.36" N | 85°47'33.58 "E | 652 | 1.5 | 978 | 586.8 | 2.17 |
| | | 27°19'33.66" N | 85°47'26.08 "E | 925 | 1.5 | 1387.5 | 832.5 | 3.08 |
| | | 27°19'23.12" N | 85°48'05.80 "E | 885 | 1.5 | 1327.5 | 796.5 | 2.95 |
| 5 | सिम्ले खोला | 27°18'14.39" N | 85°51'27.06 "E | 1717 | 1.5 | 2575.5 | 1545.3 | 5.72 |
| 6 | राङ्चा खोला | यस् क्षेत्रमा केहीबालुवा थेग्रिएको भएपनिउत्खननयुक्तपारीमाणमा छैन। | | | | | | |
| | | | | | जम्मा: | 53902.75 | 32341.65 | 119.78 |

*(स्रोत: फिल्ड सर्वे)*

अध्याय तीन (Chapter III)

## अध्ययन विधि (Study Methodology)

### ३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेशण:

स्थानीय स्वायत्त शासन ऐन २०५५, वातावरण संरक्षण ऐन २०७६,वातावरण संरक्षण नियमावली, २०७७ मा भएको व्यवस्थाहरु, TOR को अध्ययन गरी तोकिएका क्षेत्रहरुमा गई स्थानिय बासिन्दाहरु, समाजसेवी, बुद्धिजिबीहरु, राजनीतिक दलका प्रतिनिधीहरुसँग ढुङ्गा, गिट्टी, बालुवा निकाल्दा वातावरणमा पर्न जाने असरहरुको सम्बन्धमा छलफल गरेर वातावरणीय अवस्थाको अध्ययन गरिएको छ । जिल्ला समन्वय समिति तथा गाउँ कार्यपालिकाको कार्यालयबाट संकलन गरिएका सान्दर्भिक सहयोगी सामग्रीहरुको पुनरावलोकन गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४

वन ऐन, २०४९ र वन नियमावली, २०५१

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७

नदि जन्य पदार्थ व्यवस्थापन कार्याविधि, २०७५

खानी तथा खनिज पदार्थ ऐन –२०४२

वातावरण संरक्षण रणनीति, २०४५

जैविक विविधता सम्बन्धी रणनीति, २०५९

वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७०

राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५०

वन क्षेत्रको वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५२

बालश्रम निषेध र नियमित गर्ने ऐन २०५९

घ्याङलेख गाउँपालिकाको पाशर्वचित्र

सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वातावरण व्यवस्थापन शाखाको मिति २०७२/११/१८ को च.नं. ३४६ को अधिकार प्रत्योजन सम्वन्धको पत्र, नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७०/५/१७, मिति २०७१/३/२, मिति २०७१/४/१, केन्द्रिय अनुगमन समितिको मिति २०७१/४/२३, मिति २०७१/५/१० को निर्णय लगायत विभिन्न समयमा भएका नीतिगत निर्णयहरु ।



CamScanner

## ३.२ फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा घ्याङलेख गाउँपालिकाका प्रतिनिधि सहित प्राविधिकहरुको टोलीले ४ दिनको स्थलगत भ्रमण गरी जैविक, भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक वातावरण संग सम्बन्धित तथ्याङ्क तथा प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने असरहरु सम्वन्धी जानकारी रुजुसुची, प्रश्नावली, प्रधान सूचनादाता अर्न्तवार्ता, लक्षित समूह छलफलबाट लिइएको थियो ।

**छलफल**

प्रस्ताव कार्यान्वयन भएमा वरपरको क्षेत्रमा पर्न सक्ने प्रभावको सम्बन्धमा प्रस्तावित क्षेत्र वरपरका स्थानीयबासी, किसान, शिक्षक कर्मचारी, राजनीतिक दलका प्रतिनिधिहरुसँग सामुहिक छलफल गरिएको थियो । छलफल बाट आएका निष्कर्ष र सुझावहरु यस प्रकार रहेको छ :

- नदीजन्य पर्दाथको उत्खनन्/संकलन कार्यका लागि सामुदायिक वनको जस्तै स्थानीय वासिन्दाहरुले अपनत्व गर्ने सक्ने व्यवहारिक नीति तर्जुमा गर्न सकिएमा उपलव्धी मुलक हुने ।
- ठेक्कापट्टा प्रक्रिया पुर्व स्थानीयवासिन्दाको रोहवरमा सिमाङ्कन गरी ठेक्का लगाउने व्यवस्था गर्ने ।
- खोलाको बहावलाई असर नपर्ने गरी नदीजन्य पदार्थको उत्खनन् र संकलन कार्य गरिनुपर्ने र सो कार्यमा स्थानीय व्यक्तिहरुलाई प्राथमिकता दिनुपर्ने ।
- नदीजन्य पदार्थको उत्खनन् र संकलन कार्य नियन्त्रित एवं वैज्ञानिक वनाउदै दिगो र वातावरण मैत्री ढङ्गले नदीजन्य प्राकृतिक श्रोतको उत्खनन् गरिनु पर्ने ।
- सामुदायिक वन, व्यक्तिको जमिनलाई एकिन गरि ऐलानी जमिनमा मात्र ठेक्का लगाउने ।
- प्राप्त राजश्व रकममा स्थानीय वासिन्दालाई निश्चित प्रतिशत आर्थिक सामाजिक उत्थानमा लगाउने नीतिगत व्यवस्था गर्ने ।
- मरनघाट, मन्दिर मस्जिद लगायत सार्वजनिक क्षेत्रको संरक्षण गरी उत्खनन्/संकलन कार्य गर्नुपर्ने ।

## ३.३ तथ्याङ्क विश्लेशण, प्रभावहरुको पहिचान/मुल्याङ्कन, प्रभाव न्यूनीकरणका विधीहरुको पहिचाहन

प्रस्तावित क्षेत्रको अध्ययन गर्दा आएका प्राथमिक एवं द्धितियक तथ्याङ्क तथा जानकारीलाई संक्षिप्तिकरण गरी आवश्यकता अनुसार व्याख्या विश्लेषण गर्ने, तालिकामा राख्ने तथा प्रतिवेदनमा समावेश गरिएको छ ।

अध्याय चार (Chapter IV)

# विधान, नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड एवं सम्मेलनहरुको पुनरावलोकन

## ४.१ नेपालको संविधान, २०७२

नेपालको संविधान, २०७२ को धारा ५५ को उपधारा (छ) मा प्रकृतिक साधन स्रोतको संरक्षण, संर्वधन र उपयोग सम्वन्धी नीति को उपधारा (१) राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्रकृतिक स्रो साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकुल रुपमा दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्रथामिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने । उपधारा (४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाईको विकास गर्ने । उपधारा (५) प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा वाच्ने हक हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ भने धारा ३५ को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वस्थ्य र स्वच्छ वातावरणमा वाच्न पाउने हक हुनेछ । (२) वातावरणिय प्रदुशण तथा ह्रासवाट हुने क्षतिवापत पिडीतलाई प्रदुषक कानुन वमोजिम क्षतिपुर्तीको हक प्राप्त हुनेछ । (३) राष्ट्रको विकास सम्वन्धी कार्य गर्ने प्रयोजनका लागी वातावरण र विकासवीच समुचित सन्तलुनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यस धाराले वाधा पुऱ्याएको मानिने छैन । भन्ने कुरा उल्लेख गरिएको छ । यसरी संविधान अनुसार पनि कुनै प्रस्तावना कार्यान्वयनमा वा प्राकृतिक स्रोतको प्रयोग गर्नु अगाडी वातावरणिय प्रभाव मूल्याङ्कन (EIA) र प्रारम्भिक वातावरणिय परिक्षण (IEE) गराउनु आवश्यक हुन्छ ।

## ४.२ सर्वोच्च अदालतको आदेश

### ४.२.१ रोडा, ढुंगा, गिट्टी तथा बालुवा सम्बन्धी अदालतको आदेश

ढुङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक स्रोत हुन् । प्राकृतिक स्रोत Public Trust Doctrine अनुसार कुनै व्यक्तिको स्वामित्वमा हुन सक्दैन । प्राकृतिक स्रोत सबै नेपालको साझा फाइदा र सार्वजनिक हित हुने काममा मात्र प्रयोग हुन सक्दछ । प्राकृतिक स्रोतको उत्खनन्, संकलन तथा प्रयोग आदि विद्यमान प्रचलित कानुन अनुसार वातावरणमा कुनै प्रकारको प्रतिकूल प्रभाव नपर्ने गरी मात्र गर्नुपर्ने छ । यसरी कानूनी व्यवस्था अनुसार पनि कुनै योजना, आयोजना वा कार्यकम सञ्चालन गर्ने सम्बन्धमा IEE/EIA प्रस्ताव तयार गर्नुपर्ने हुन्छ ।

### ४.३ नीति तथा रणनीति

४.३.१ राष्ट्रिय संरक्षण रणनीति २०४५

नेपाल सरकारले पारित गरेको राष्ट्रिय संरक्षण रणनीति २०४५ नै नेपालको वातावरण संरक्षण सम्वन्धि पहिलो दस्तावेज हो। यस रणनीतिले विकास र संरक्षण बिच अन्तरसम्वन्ध रहेको कुरालाई आत्मसाथ गर्दै भौतिक पूर्वाधार निमार्ण तथा विकास आयोजना संञ्चालन गर्दा वातावरणिय प्रभाव मूल्याङ्कन गर्नुपर्ने र त्यस्ता कार्यहरुबाट वातावरणमा पर्न सक्ने प्रभावहरुको न्यूनिकरण गर्न उचित व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको छ।

४.३.२ वातावरण सम्बन्धित नीति

नेपाल सरकारले विकास आयोजना तथा उद्योग स्थापना गर्दा वातावरणमा पर्न सक्ने असरहरुलाई ध्यानमा राखी छैटौं योजना अवधि (२०३७-२०४२) देखि नै वातावरण संरक्षणमा सजगता देखाउदै केही चुनिएका आयोजना तथा कार्यक्रमहरु संचालन गर्न वातावरणीय अध्ययनको आवश्यकता औंल्याएको थियो। यो नीतिलाई सातौं योजना अवधिमा (२०४२-२०४७) केही विस्तार गरी ठुला आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय अध्ययनको आवश्यकतामा जोड दिइएको थियो। आठौं योजना (२०४९-२०५४) ले यसलाई अझ सुदृढ गर्न वातावरणीय अध्ययनका लागि एक राष्ट्रिय पद्धति स्थापनाको सोच राख्दै सडक, जलविद्युत, उद्योग, सिंचाई, खानेपानी तथा ढलनिकास जस्ता ठुला आयोजनाको लागि वातावरणीय अध्ययन गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ।

### ४.४ ऐन तथा नियमावली

४.४.१ वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियावली, २०७७

विकास आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्नुपर्ने अवधारण अनुरुप नेपाल सरकारद्धारा वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ जारी भै सकेको छ। उक्त ऐनको दफा ३ र ४ मा प्रारम्भिक वातावरणीय परीक्षण/वातावरण प्रभाव मुल्यांकन (IEE र EIA) गर्नु पर्ने प्रस्तावहरु र प्रस्ताव स्विकृत नगराई कार्यान्वयन गर्न नहुने व्यवस्था गरिनुका साथै यस प्रस्ताव सन्दर्भमा वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ को अनुसुची २ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण गर्नु पर्ने उल्लेख भएको छ। सोही नियमावलीको नियम ४ को उपनियम २ बमोजिम उक्त प्रस्ताव कार्यान्वयन हुँदा, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु उल्लेख गरिएको छ। उक्त नियमावलीमा अन्य व्यवस्थाका अतिरिक्त

प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पूर्व सम्बन्धित निकायबाट सोको कार्यसुची स्वीकृत गराउनुपर्ने प्रावधान समेत रहेको छ ।

४.४.२ खानी तथा खनिज पदार्थ ऐन –२०४२

खानी तथा खनिज पदार्थ ऐन –२०४२ ले खनिज भन्नाले जमीनको सतह वा भूगर्भ भित्र पाइने पेट्रोलियम र ग्यांस पदार्थ बाहेक कुनै निश्चित भौतिक तथा रासायनिक गुण भएको पदार्थलाई सम्झनु पर्छ र यस्ता खनिज पदार्थलाई प्रकृतिका आधारमा धातु खनिज तथा अधातु खनिज भनेर वर्गीकरण गरेको छ। यस ऐन अनुसार ढुङ्गा, गिट्टि तथा बालुवा अधातु खनिज अन्तरगत पर्दछ। उक्त एने को बुदाँ नं ११ (क) मा यस्ता खनिजजन्य पदार्थको उत्खनन् कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने कुरा उल्लेख गरिएको छ । साथै खनिजजन्य पदार्थको उत्खनन् गर्दा वातावरण संरक्षणका सम्बन्धमा तोकिए बमोजिमका उपायहरु अपनाउनु पर्ने कुरा स्पष्ट उल्लेख गरेको छ ।

४.४.३ वन सम्बन्धि ऐन, २०४९

वनजंगलको संरक्षण गरी वातावरणको प्रबर्द्धन गर्न र वन पैदावारको समुचित सदुपयोग गरी जनताको आधारभूत आवश्यकता परिपुर्ति गर्न नेपाल सरकारको वन ऐन २०४९ र वन नियमावली २०५१ जारी गरेको छ। सोही ऐनको दफा २० र २१ मा सरकारद्धारा व्यवस्थित वनको दिगो व्यवस्थापनका लागि कार्ययोजना तयार गरी स्वीकृत गर्नु पर्ने तथा कार्ययोजनाले निर्दिष्ट गरेको बाहेक अन्य कुनै पनि कार्य गर्न गराउन नपाईने कानुनी प्रावधान रहेको छ। सोही ऐनको दफा २२ मा सरकारद्धारा व्यवस्थित वनको वन पैदावारको स्वामित्व तथा बिकी वितरण गर्ने व्यवस्था गरेको पाईन्छ। ऐनको उक्त दफाहरुलाई वन नियमावली २०५१ को परिच्छेद २ मा थप स्पष्ट पारेको छ । जसमा वन व्यवस्थापन कार्य योजनामा समावेश हुनुपर्ने कुराहरु, वनपैदावार संकलन गर्दा अपनाउनु पर्ने तरिका, बिकी, व्यवस्थापन, निकासी गर्ने अवधि तथा कस्तो अवस्थामा वन पैदावार संकलन र बिकी गर्न नपाईने आदि उल्लेख गरेको छ।

यसका अतिरिक्त वन ऐन २०४९ को परिच्छेद १३ को दफा ६८ ले कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना संचालन गर्दा वातावरणमा उल्लेख प्रतिकुल असर नपर्ने भएमा र वन क्षेत्र प्रयोग गर्नु बाहेक अन्य विकल्प नभएमा नेपाल सरकारले राष्ट्रिय वन प्रयोग गर्न दिन सक्ने प्रावधान गर्दै वन नियमावलीको नियम ६५ ले यस्तो आयोजना संचालन गर्दा कसैलाई हानी नोक्सानी पुग्न गएमा सम्बन्धित आयोजनाले क्षतिपुर्ति दिनु पर्ने प्राबधान गरी जनसाधारणको मैलिक हकको सुरक्षाको

प्रत्याभूति दिएको छ । त्यसै गरी दफा ४९ तथा सोहीको उपदफा अनुसार कसैले पनि यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनमा देहायका काम कारवाही गर्न वा गराउन र सो गर्ने गराउने उद्योग समेत गर्न हुदैन । त्यस्तो कुनै काम कारवाही गरेमा कसूर गरेको मानिने छ। सो कार्यहरु वन क्षेत्रहरु जग्गा फाड्न, जोत्न, खन्न वा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य, सिकार खेल्न, ढुङ्गा गिट्टी, बालुवा वा माटो झिक्न, गोल वा चून पोल्न वा यी वस्तुहरु अरु तयारी माल बनाउन वा यी वस्तूहरु सङ्कलन गर्न गराउन रहेका छन् ।

### ४.४.४ स्थानीय शासन संचालन ऐन, २०७४

स्थानीय शासन संचालन ऐन, २०७४ ले साविक गाउँपालिका तथा नगरपालिका र जि.स.स. लाई आफ्नो क्षेत्राधिकार भित्रका वातावरण संरक्षण तथा प्रबर्धन गर्न वन वनस्पति, जैविक विविधता र भु-संरक्षण सम्बन्धमा योजना तयार गरी कार्यान्वयन गर्न गराउन सक्ने अधिकार प्रदान गरेको छ । सम्बन्धित स्थानीय निकायले यस्तो कार्यक्रमम जिल्ला वन कार्यालय वा वन उपभोक्ता समुहहरुको समन्वयन कार्य संचालन गर्न सक्ने हुदा सरकारद्धारा व्यवस्थित वनको वन पैदवार संकलन तथा विकी वितरण सम्बन्धि प्रस्तावको कार्यान्वयनबाट यस्ता निकायहरुका प्राप्त अधिकारलाई प्रभाव परेको देखिदैन ।

### ४.३.५ जलचर संरक्षण ऐन, २०१७ पहिलो संशोधन २०५५

जलचर संरक्षण ऐन, २०१७ पहिलो संशोधन २०५५ ले जलचरको वासस्थानको सुरक्षाको लागि विभिन्न कानून बनाएको छ। यस संरक्षण ऐनको धारा ३ अनुसार कुनै व्यक्तिले पनि कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार विष्फोट पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न हुदैन ।

### ४.४.६ जलचर संरक्षण (पहिलो संशोधन) ऐन, २०५५

जलचर संरक्षण (पहिलो संशोधन) ऐन, २०५५ को मुख्य उद्देश्य नेपाल अधिराज्यभित्रको भू-सतहमा वा अन्य कुनै अवस्थामा रहेका जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्ने रहेको छ ।



CamScanner

४.४.७ फोहोर मैला व्यवस्थापन ऐन, २०६८

फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहोरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहोरमैला व्यवस्थापन ऐन, २०६८ व्यवस्थापन गरिएको छ। यस ऐनको दफा ५ अनुसार कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उपत्न्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ। आफ्नो क्षेत्रभित्र विर्सजन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाकी फोहोरमैलामात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

४.४.८ वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७०

वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७० को मुख्य उद्देश्य स्थानीय शासन पद्धतिलाई वातावरणमैत्री बनाउनु हो। वातावरण मैत्री दिगो विकास गर्न आधारभूत स्तरदेखि नै सबैलाई जिम्मेवार गराउने, वातावरण र विकासमा समन्वय तथा सहकार्य गर्न प्रोत्साहित गर्न र वातावरणको दिगो व्यवस्थापनका लागि यसका आयामहरुलाई स्थानीयकरण गर्दा स्थानीय स्वामित्व बढाउने नीति यस प्रारुपले व्यवस्था गरेको छ। स्थानीय योजना प्रकियामा वातावरणलाई मूल प्रवाहिकरण गरी यस सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गर्नमा यस प्रारुपले जोड दिनेछ।

## ४.५ निर्देशिका

४.५.१ वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका

नेपाल सरकारले आठौं योजनाको नीति कार्यान्वयनमा सहयोग पुगोस् भन्नाको लागि वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली ल्याउनु अगाडीनै एक राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० लागु गरिसकेको छ। यो निर्देशिकाले अध्ययनको कममा जनसहभागिता जुटाउनु पर्ने, आवश्यक सूचनाहरको संकलन गर्ने, विवादका विषयहरुको गम्भिरताको मूल्याङ्कन गर्ने र वातावरणीय अध्ययनको लागि बिषयहरुको प्राथमिकताकम निर्धारण गर्ने कुराहरुलाई प्राथमिकताकम प्रष्ट रुपमा जोड दिएको छ। त्यसै गरि वातावरणीय योजना तर्जुमा निर्देशिका, २०५५ र वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०६४ समेत जारी भएको पाईन्छ। यसका साथै मन्त्री परिषदको मिति २०६६/१२/१७ को निर्णय तथा व्यवस्थापिका संसद, प्राकृतिक श्रोत साधन समितिको निर्देशनले ढुंगा, गिट्टी, बालुवा संकलन सम्बन्धि जिल्लागत रुपमा एकीकृत कार्य योजना बनाउने, विशेषज्ञ टोलीबाट

संकलन गर्न हुने वा नहुने भन्ने क्षेत्रको पहिचान गर्ने, जिल्ला अनुगमन तथा समन्वय समितिले Environment Strategic Assessment गर्ने रणनीति बनाउने आदि उल्लेख गरेको पाइन्छ।

४.५.२ वन सम्बन्धी निर्देशिकाहरु

नेपाल सरकारले वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले दिएको अधिकार प्रयोग गरी वन क्षेत्रको लागि प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रतिवेदन दिग्दर्शन २०६१, वन पैदवार (काठ र दाउरा) संकलन र बिकी वितरण निर्देशिका २०५७ र वन पैदवार बिकी वितरण निर्देशिका २०६०, लागू गरेको छ। साथै सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०५८ (संसोधन सहित) र सामुदायिक वन श्रोत सर्भेक्षण मार्गदर्शन २०६१ मा सरकारद्धारा ब्यबस्थित वन सामुदायिक वनको रुपमा वन उपभोक्ता समुहलाई हस्तान्तरण गर्दा अपनाउनु पर्ने प्रकृयाका बारेमा उल्लेख गरिएको छ।

४.५.३ नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा ब्यवस्था गर्न बनेको कार्यविधि, प्रदेश ३, २०७५

प्रदेशभित्रका नदी खोलाका नदीजन्य पदार्थको दीगो संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपूर्ती गर्न र नदीप्रणालीबाट उत्खनन्, संकलन तथा बिक्री वितरण हुने पदार्थको अव्यवस्थित र अत्याधिक दोहन हुन नदिन, दिगो व्यवस्थापनको प्रबन्ध मिलाई सार्वजनिक निर्माण कार्यलाई सहज बनाउन कर तथा गैहकर राजस्व सम्वन्धी ऐन २०७५ को दफा १५ को उपदफा ५ बमोजिमको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो अन्तरिम कार्यविधि वनाएको छ।



CamScanner

प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner

अध्याय पाँच (Chapter V)


# वस्तुगत वातावरणीय अवस्था

# (Description of the Existing Environmental Conditions)

## ५.१. भौतिक वातावरण

**भू-स्थिती/भू-बनोट :** हाम्रो अध्ययन क्षेत्रमा रहेका खोलाहरु महाभारत पर्वत श्रिंखला पर्दछ ।


**माटोको प्रकार एवं भुगर्भ :** सिन्धुली जिल्लाको अन्य भुभाग जस्तै यो क्षेत्रमा पनि पहाडी भू-भागको बाहुल्यता रहेको छ । समथर फराकिला फाँट एवं टारहरुका साथसाथै डाँडाकाडाँ पनि रहेका छन् । प्रस्तावित क्षेत्रमा कम चापबाट बनेका परिवर्तित चट्टानहरु पाइन्छन् ।





नेपालको भौगर्भिक नक्शामा अध्ययन क्षेत्र

**जलवायु/हावापानी:** धरातलीय स्वरुप अनुसार समुन्द्री सतहबाट तल्लो सतह ४८४ मिटर देखि माथिल्लो सतह फापरचुली २३८० मिटर सम्म उचाइमा अवस्थित यस गाउँपालिका मा उष्ण मनसुनी, न्यानो समशितोष्ण, ठण्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । यस गाउँपालिकाको औसत तापक्रम २० र औषत वर्षा १८४१ मिलिमिटर हुन्छ । महाभारतको काखमा रहेको यस घ्याङलेख


गाउँपालिकामा प्राय भिरालो जमिन छ। यहाँ खोला किनारामा बलौटे पथ्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाइन्छ।



**हावा र पानीको गुणस्तर एवं ध्वनीको मात्रा:** ठुलो औद्योगिक क्षेत्रहरु नभए पनि ठुला गाडीहरुको आवातजावतले त्यती धेरै ध्वनी प्रदुषणको अवस्था हाल देखिएको छैन । नदीजन्य पर्दाथको उत्खनन/संकलनको क्रममा व्यवस्थित गर्नु पर्ने देखिन्छ । सार्वजनिक शौचालय निर्माण, नदीजन्य पर्दाथको ढुवानीको क्रममा छोपेर ढुवानी गर्नुपर्ने, पहुच मार्गलाई स्वच्छ वनाईनु पर्ने देखिन्छ ।

**भु-उपयोग:** प्रभाव क्षेत्रको भू-उपयोगको अवस्थालाई हेर्दा यस गाउँपालिकामा विभिन्न किसिमको जग्गा उपलब्ध छ । जसमध्ये खेतीयोग्य जग्गाको क्षेत्रफल ३५३१३० हेक्टर छ भने बाँझो जग्गाको क्षेत्रफल १९० हेक्टर रहेको छ। यस गाउँपालिकाको विभिन्न वडामा रहेको जग्गाको किसिम अनुसारको विवरण यसप्रकार रहेको छ।




| क्षेत्रहरू | वाड नं १ | वाड नं २ | वाड नं ३ | वाड नं ४ | वाड नं ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| खेतीयोग्य जग्गा | 795.21 | 774.66 | 624.63 | 742.27 | 594.53 | 3531.30 |
| बाँझो जग्गा | 0.36 | 1.14 | | | 0.40 | 1.90 |
| जंगल क्षेत्र | 3099.58 | 2145.41 | 2873.88 | 2063.42 | 2480.34 | 12662.63 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घाँसे मैदान | 66.44 | 57.93 | 46.51 | 33.37 | 51.29 | 255.54 |
| झाँडी क्षेत्र | 123.32 | 24.93 | 2.46 | 8.95 | 26.58 | 186.24 |
| नदि खोला क्षेत्र, | 2.32 | | | 0.39 | 11.39 | 14.10 |
| जम्मा क्षेत्रफल | 4087.23 | 3004.06 | 3547.48 | 2848.40 | 3164.53 | 16651.70 |

## ५.२ जैविक वातावरणः

### ५.२.१ वन तथा वनस्पति

प्रस्तावित प्रभाव क्षेत्रमा निम्न अनुसारका वनस्पतिहरु पाइन्छ ।

| नेपाली नाम | वैज्ञानिक नाम | कैफियत |
|---|---|---|
| उत्तिस | *Alnus nepalensis* | |
| सिसौ | *Dalbergia sisoo* | |

### ५.२.२ गैरकाष्ठ पैदावार तथा जडीबुटीहरु

बाँस, निगालो, अम्रिसो, बाबियो आदि यस क्षेत्रमा पाईने गैरकाष्ठ पैदावरहरु हुन् । हर्रो, बर्रो, भाड, वास, निम, वेल आदि यस क्षैत्रमा पाईने जडीबुटीहरु हुन् ।

### ५.२.३ वन्यजन्तुहरुः

स्थानीय जनसमुदायको भनाई अनुसार प्रस्ताव क्षेत्रमा निम्नानुसार वन्यजन्तुहरु पाईन्छ ।

| नेपाली नाम | वैज्ञानिक नाम | कैफियत |
|---|---|---|
| बाघ | *Panthera tigris tigris* | CITIES Index I |
| ढेडु | *Presbykis entellus* | |
| मुसो | *Rattus rattus* | |
| स्याल | *Canis lupus* | CITIES Index I |
| बादर | *simian or primate* | |

### ५.२.४ पंक्षीहरुः

स्थानीय जनसमुदायको भनाई अनुसार प्रस्ताव क्षेत्रमा निम्नानुसारका पंक्षीहरु पाईन्छ ।



CamScanner

| नेपाली नाम | वैज्ञानिक नाम | कैफियत |
|---|---|---|
| काग | *Corus splendens* | |
| भंगेरा | *Passer demoesticus* | |
| ढुकुर | *Streptopellia spp.* | |
| गिद्ध | *Aegyeius monachus* | CITES Index II |
| डाँफे | *Lophophorus impeyanus* | |
| कालिज | *Lophura leucomelanos* | |
| तित्रा | *Frandcolinus pondicerianus* | |
| कोईली | *Eudynamys scolopaceus* | |
| बकुल्ला | *Gruiformes* | |
| चिल | *Haliaectus leucocephalus* | |

५.२.५ जलचरहरु

माछा, भ्यागुतो, गंगटो आदि यस क्षेत्रमा पाईने जलचरहरु हुन् । प्रस्ताव क्षेत्रमा पाइने माछाहरुको प्रजाति यसप्रकार रहेको छ ।

| नेपाली नाम | वैज्ञानिक नाम | कैफियत |
|---|---|---|
| असला माछा | *Schizothorax spp* | |
| रहु माछा | *Labeo anguva* | |
| वम माछा | *Amphinous auchia* | |
| कत्ले माछा | *Acrossocheilus hexagonolepis* | |

## ५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

**प्रस्तावित गाउँपालिकाको जनसंख्या :** घ्याङलेख गाउँपालिकामा जम्मा १७३०३ जनसंख्याको बसोबास रहेको छ । सबै भन्दा बढी जनसंख्या वडा नं. ४ मा ४७५६ र सबै भन्दा कम जनसंख्या वडा नं. १ मा २०६४ छन् । नेपालको कुल जनसंख्याको ०.०६५ प्रतिशत जनसंख्या यस गाउँपालिकामा छन् । तलको तालिकामा वडागत रुपमा जनसंख्याको विवरण प्रस्तुत गरिएको छ ।



CamScanner

| वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| जनसंख्या | 2064 | 3808 | 3012 | 4756 | 3663 | 17303 |

**जात/जाती:** प्रभावित क्षेत्रमा मुख्य गरी तामाङ, थामी, नेवार, दमाई, मगर, कामी ,क्षेत्री, बाह्मण, सार्की, सुनुवार लगायत अन्य दलित, जनजातीहरुको वसोवास रहि आएको छ । यस गाउँपालिकामा तामाङको जनसंख्या सबै भन्दा धेरै छन । जसमा कुल जनसंख्याको ७४.५७ प्रतिशत छन ।

**शिक्षा एवं साक्षरता:** घ्याङलेख गाउँपालिकामा पूर्ण साक्षार नभयता पनि प्रभावित क्षेत्रमा शिक्षा र साक्षारताको अवस्था राम्रो रहेको छ ।

**धर्म:** यस गाउँपालिकामा बौद्ध धर्म मान्ने जनसंख्या सबै भन्दा धेरै छन् । कुल जनसंख्याको ७५ प्रतिशत जनसंख्याले बौद्ध धर्म मान्छन् । बौद्ध धर्म मान्ने जनसंख्या पछि हिन्दु धर्म मान्ने जनसंख्या २३ प्रतिशत छन् । त्यस्तै गरि क्रिश्चियन धर्म, किरात धर्म आदि धर्म मान्ने जनसंख्याको वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**पेशा:** घ्याङलेख गाउँपालिकामा मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन रहेको छ । ४२८७ जनसंख्या जिविको पार्जनको लागि कृषि पेशामा आवद्ध छन् । ९४५ जनसंख्याले नोकरी पेशाबाट आफ्नो जिविको पार्जन गर्दै आइरहेका छन् । हाल सम्म पनि ६३० जनसंख्या बेरोजगार छन् । ५८८ जनसंख्या वैदेशिक रोजगारीमा आवद्ध छन् । अन्य पेशा जस्तै ज्याला, मजदुरी, उद्योग, व्यवसाय आदिमा आवद्ध जनसंख्याको वडागत विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ ।

**उर्जा, विजुली एवं सञ्चार:** उर्जाका लागि विजुलीको नै प्रमुख श्रोतका रुपमा रहेको छ । केही मात्रमा सौर्य उर्जाको प्रयोग भएको देखिन्छ । प्रस्तावित क्षेत्र देशको राजधानी काठमाडौं आसपासमा रहेकोले उर्जा र सञ्चारको को मध्यम सुविधा प्राप्त क्षेत्रका रुपमा रहेको छ ।

**खानेपानी एवं स्वास्थ्यको सुविधा:** प्रस्तावित क्षेत्रमा खानेपानी र स्वास्थ्यको पहुच रहेको क्षेत्र हो । खानेपानीका लागि स्थानीय स्तरका योजनाहरु संचालित छन् भने स्वस्थ्यका लागि जिल्ला सदरमुकाम सम्म सडकको पहुच रहेको छ ।



CamScanner

**यातायात र पहुच मार्ग:** प्रस्तावित क्षेत्रमा सडकको सुविधा रहेको छ भने पहुच मार्ग खोलिए पनि उक्त मार्गहरु अस्थायी प्रकृतीका रहेका छन् ।

**धार्मिक, सास्कृतिक एवं ऐतिहासिक स्थलहरु:** प्रस्तावित क्षेत्रमा धार्मिक, सांस्कृतिक दृष्टिकोणवाट महत्वपुर्ण क्षेत्रहरु रहेता पनि धार्मिक क्षेत्रहरु उत्खन्न गर्ने क्षेत्रमा छैनन् ।

**अन्य सामुदायिक संरचना/स्थलहरु:** समुदाय तथा सरकारी स्तरवाट निर्माण गरिएका पुल, विद्यालय, पाटी, पौवाहरु, चरन क्षेत्र, मरनघाटहरु रहेता पनि ति क्षेत्रहरु उत्खन्न गर्ने क्षेत्रमा छैनन् ।

अध्याय ६ (Chapter VI)

# प्रस्ताव कार्यान्वयनका विकल्पहरु

## (Alternatives for the Implementation of the proposal)

प्रस्तावित प्रस्तावनाका लक्ष्य प्राप्ती तथा नकारात्मक प्रभावलाई न्यूनीकरणका लागि विभिन्न किसिमका विकल्पहरु, प्रस्तावना कार्यान्वयन हुने र नहुने र कार्यान्वयन गर्दा प्रयोग हुने प्रविधि तथा स्थान छनौट सम्बन्धि विश्लेषण यस अध्यायमा समेटिएको छ । यी विकल्पहरुको अध्ययनको मुख्य लक्ष्य वातावरणलाई प्रतिकूल प्रभाव नपर्ने गरी गाउँपालिकाका निम्ति राजश्व संकलन गर्नु हो । प्रस्तावना कार्यान्वयनको विकल्पको आधार तयार गर्दा सकारात्मक प्रभावहरुलाई बढावा दिने तथा नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने गर्नुपर्दछ । विभिन्न विकल्पहरु जसले प्रस्तावनाका लक्ष्य न्यून वातावरणीय ह्रासका साथ प्राप्त गर्न मद्दत गर्दछ, यस्ता विषयहरुलाई संक्षेपमा तल वर्णन गरिएको छ ।

### ६.१ प्रस्ताव कार्यान्वयन नगर्ने

अध्ययनवाट प्राप्त विकल्पको विश्लेषण गर्दा विकल्पहरुमा ढुंगा, गिट्टी, बालुवाको उत्खनन्/संकलन नगर्ने विकल्पलाई अस्वीकार गरिएको छ, किनकी ढुंगा, गिट्टी, बालुवाको संकलन/उत्खनन् नगर्ने हो भने

**प्रथमः** खोलाको सतह क्रमिक रुपमा उक्सिदै माथि जाने अवस्था हुनसक्दछ र खोला किनारमा कटान एवं वाढीको प्रकोप वढ्न जान्छ । जसले गर्दा वरिपरि भएका खेतीयोग्य जमिन खोलाले बगाई धनमालको समेत नोक्सान पुग्न सक्दछ ।

**दोश्रो** : प्राकृतिक श्रोतको सदुपयोग हुन पाउदैन । खोलाले वगाएर ल्याएको नदीजन्य पर्दाथहरु ढुङ्गा, गिटी, वालुवा त्यसै खेर जाने अवस्था हुन सक्दछ ।

**तेस्रो** : स्थानीयबासीहरुले क्रसरको माध्यमवाट विभिन्न प्रकारका रोजगारीका अवसरहरु उपलव्ध भईरहेकोमा बाधा पुग्छ वा गुम्न सक्ने अवस्था रहन सक्छ ।

**चौथो** : नदीजन्य पर्दाथको वार्षिक रुपमा बिक्री वितरणबाट गाउँपालिकाले प्राप्त गरिरहेको आन्तरिक आर्थिक श्रोत घट्ने देखिन्छ ।

त्यसकारण प्रस्तावित खोलाको उल्लेखित खण्डबाट ढुंगा, गिट्टी, बालुवाको उत्खनन्/संकलन कार्य गर्दा उपयुक्त हुन्छ ।

### ६.२ प्रस्तावका विकल्पहरु

#### ६.२.१ वैकल्पिक क्षेत्र

नदीजन्य यी वस्तुहरु उत्खनन् नगर्दा बर्षात्को समयमा बाढीको समस्या बढी देखा पर्ने सम्भावना उच्च हुन्छ जसले गर्दा वरिपरिका खेतियोग्य जमिनको कटान तथा वस्तीहरु डुवानमा पर्न सक्ने सम्भावना बढ्छ । तसर्थ यी थेग्रिएका वस्तुहरु निकास गर्नु बाहेक अरु कुनै विकल्प छैन । यस्तो अवस्थामा खोलाबाट हुन सक्ने प्राकृतिक प्रकोप रहित स्थानहरुको छनौट गरिन्छ ।

#### ६.२.२ वैकल्पिक समय तालिका एवं विधि

उत्खनन् कार्य खोलामा पानीको बहाव कम हुने समयमा गरिन्छ। असार, साउन र भदौ महिना बाहेक अरु ९ महिना उत्खनन् कार्यको लागि उचित महिना मानिन्छ। दिउसो मात्र उत्खनन्/संकलन कार्य गरि रातिको समयमा उत्खनन्/संकलन कार्यलाई कडाइका साथ निषेधित गरिनुपर्छ । पानी भएको क्षेत्रमा उत्खनन्/संकलन कार्य गरिने छैन । उत्खनन्/संकलनको कार्यमा ठुला मेशनरी औजारको प्रयोग नगरी घरेलु औजारहरु कुटो, कोदालो, वेल्चा, गल, गैची लगायतका सामाग्रीहरुवाट गरिने छ ।

#### ६.२.३ वैकल्पिक सम्पदाहरु

ढुङ्गा गिट्टीको निकासको लागि अरु विकल्प छैन । गिट्टी र ढुङ्गाको ठाउमा ईट्टाको प्रयोग गर्न सकिन्छ तर सवै निर्माण कार्यमा गिट्टी र ढुङ्गाको सट्टामा ईट्टाको प्रयोग गर्न सकिने अवस्था रहदैन । स्थानीय स्तरमा उपलब्ध हुने श्रोत साधनलाई त्यही सम्वन्धित क्षेत्रमा प्रयोग गर्दा वढि उपयोगी हुने साथै खोलाबाट निम्तिने प्रकोपहरु पनि न्युन हुने देखिन्छ ।

## अध्याय सात (Chapter VII)

# प्रभाव पहिचान, अनुमान एवं मूल्याङ्कन

## (Impact Identification, Prediction and Evaluation)

ढुङ्गा, गिट्टी, बालुवा, संकलन/उत्खनन् एवं ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रत्यक्ष एवं अप्रत्यक्ष प्रभावहरुको अध्ययन तथा मूल्याङ्कन गरि उक्त कार्यबाट हुने सकारात्मक र नकारात्मक प्रभावहरुको विश्लेषण गरिएको छ। सम्भावित असरहरु प्रकृति, आकार, विस्तार र अवधिका आधारमा विभाजन गरि प्रभावको पहिचान गरिएको हो। उक्त कार्यले भविष्यमा निम्त्याउन सक्ने प्रभावहरुको पहिचान र विश्लेषण जैविक, भौतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक एवं रसायनिक वातावरणलाई पनि ध्यानमा राखिएको छ। यस अर्थमा सकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्ने यस प्रस्तावको उद्देश्य रहेको छ।

राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५० अनुसार यस प्रस्तावनाको प्रभाव मूल्याङ्कन गरिएको छ। मूल्याङ्कनका लागि निम्न उल्लेखित आधारहरु तय गरिएका छन्।

### ७.१ प्रस्तावको अनुकुल प्रभावहरु

#### ७.१.१ भौतिक प्रभाव

**बाढी एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनीकरण**

ढुंगा, गिट्टी, बालुवाको संकलन कार्य दिगो र व्यवस्थित एवं वातावरण मैत्री ढङ्गले गर्दा प्रस्तावित क्षेत्रमा हुने वा हुनसक्ने बाढी/ डुबान एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनीकरण हुन्छ। यस प्रस्तावले खोलामा थुप्रिएर रहेका नदीजन्य पदार्थहरुको संकलन वातावरण मैत्री तवरले गर्ने योजना गरेको छ। स्रोत संकलन तथा बिक्रीका अतिरिक्त संरक्षण, सम्बर्द्धन र खोला नियन्त्रण सम्बन्धी योजना समेत कार्यान्वयन हुनेछ। खोला छेउमा थेग्रिएर बसेको ठाउबाट संकलन कार्य गरिने हुदा त्यसबाट खोला किनार सुरक्षित भइ वन तथा सो क्षेत्रको वर्तमान अवस्थामा समेत क्रमिक सुधार हुनेछ। यसले गर्दा घास एवं झाडीको वृद्धि भइ जमिनको संरक्षणका साथै भू–क्षय समेत नियन्त्रण र रोकथाम हुनेछ। यस सुधारको क्रममा खोलाले आफ्नो बाहव परिवर्तन नगर्ने हुदा खेती योग्य जमीनमा पनि असर नगर्ने देखिन्छ। यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थानीय र लामो समय सम्म रहनेछ। त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महवपूर्ण देखिन्छ।

७.१.२ आर्थिक, सामाजिक एवं सॉस्कृतिक प्रभाव

**रोजगारीको अवसर**

ढुङ्गा, गिट्टी, बालुवाको संकलन कार्यले तत्काल नै स्थानीय वासिन्दाको रोजगारीको अवसर श्रृजना गर्दछ। यो सवैभन्दा ठूलो र प्रत्यक्ष लाभ हुने क्षेत्र हो। महिलाहरुको हकमा पनि उनीहरुले पनि पुरुष जतिकै श्रम गर्ने हुनाले त्यतिकै मात्रामा लाभान्वित हुनेछन्। यसले एक प्रकारले महिला र पुरुष विचको श्रम विभाजनमा विभेद गर्ने प्रणालीलाई निरुत्साहित पार्दछ। ढुंगा, गिट्टी, बालुवाको संकलन कार्य नियमित हुने हुनाले यसवाट स्थानीय वासिन्दा लाभान्वित भईरहन्छन्। यो प्रभाव प्रत्यक्ष, उच्च, स्थानीय र लामो समयसम्म रहनेछ, त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महवपूर्ण मानिएको छ।

**आयमूलक कार्यक्रम र आय श्रोतमा वृद्धि**

ढुङ्गा, गिट्टी, बालुवाको संकलन कार्यमा संलग्न श्रमिकहरुले प्राप्त गरेको श्रम ज्यालावाट उनीहरुको दैनिक आवश्यकताका वस्तुहरुको परिपूर्ती हुन्छ। प्राप्त ज्यालाको सहि सदुपयोग हुन सकेमा साना तिना आयमूलक व्यवसाय जस्तै बाख्रापालन, पसल आदि गर्नाले आयश्रोतमा अभिवृद्धि हुन्छ। श्रमिकहरुले प्राप्त गरेको ज्याला उनीहरुकै गाउ समुदायमा प्रवाह हुने हुदा आर्थिक क्रियाकलाप वृद्धिमा पनि केहि योगदान पुग्छ। यदि प्राप्त श्रम ज्याला वचत गरी उचित सदूपयोग गरिएमा साना तिना उद्यमहरुको विकास भइ दीर्घकालिन फाइदा लिन सकिने छ। त्यसकारण प्रस्ताव कार्यान्वयनले प्रत्यक्ष, उच्च स्तरको स्थानीयस्तरमा र अल्पकालिन प्रकृतिको प्रभाव पार्नेछ।

**व्यापार र व्यवसायमा वृद्धि**

यो योजनावाट आफैले श्रृजना गरेको व्यापार तथा व्यवसायहरु जस्तै चिया, खाजा तथा खाना घर फस्टाउने छन् साथै यी पसलहरु गा.पा. मा दर्ता हुनेछन् र गा.पा. कार्यालयमा राजश्वमा वृद्धि गर्नमा मद्दत हुनेछ। यो क्षेत्रमा प्रस्ताव कार्यान्वयन हुदा सो क्षेत्रको अरु सम्वन्धित व्यापार र व्यवसाय जस्तै खुद्रा तथा थोक पसलले पनि व्यापार गर्ने मौका पाउछन्।

यसबाट स्थानीयस्तरमा बजारको विकास हुन गई उद्योग, व्यापार, कृषि आदि क्षेत्रमा प्रत्यक्ष योगदान पुग्ने र आर्थिक क्रियाकलाप बढ्न गई आर्थिक गतिशीलता बढ्न जान्छ।

### राजस्व संकलन

खोलामा खेर जाने सामग्रीको सहि सदुपयोग हुन गई यसको बिक्रि वितरणबाट स्थानीय स्तरमा ठूलो परिमाणमा राजस्व संकलन हुनेछ, जसबाट संकलित राजस्व गाउँपालिकाले राजश्व बाडफाड गरी वडा बाट स्थानीय स्तरलाई टेवा पुग्ने कियाकलापका लागि खर्च गर्नेछ । यो प्रभाव प्रत्यक्ष, उच्च राष्ट्रिय र लामो समयसम्म रहनेछ, त्यसैले प्रभाव अति महत्वपूर्ण मानिएको छ । यो एउटा प्रमुख आय श्रोत हुनेछ, जसबाट विकासका योजना संचालन गर्न सजिलो हुनेछ । यो योजनाको प्रभाव उच्च, क्षेत्रिय स्तरको र दिर्घकालिन रहने छ ।

### प्राविधिक सिपमा वृद्धि हुनु

यो क्षेत्रमा काम गर्ने कामदारहरुले काम गर्न चाहिने विभिन्न सिपहरु सिक्नेछन् । यो सिप सिकेर कामदारहरुले सोही किसिमकै काम सजिलै गर्न सक्नेछन् । यो परियोजनाबाट सवारी साधन आवत जावतमा समेत वृद्धि हुन गई रोजगार नभएका स्थानीय बासिन्दाहरुले गाडी चालक तथा सवारी साधन मर्मतका साथै अन्य प्राविधिक सिपमूलक कार्यहरु गर्न सक्दछन् । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थानीय र लामो समयसम्म रहनेछ, त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव कम महत्वपूर्ण मानिएको छ ।

### प्रविधि हस्तान्तरण हुने

स्थानीय समुदायको संलग्नतामा प्रस्तावको कार्यान्वयन हुने भएकोले श्रोत व्यवस्थापन सम्बन्धी सीप तथा प्रविधि हस्तान्तरण हुने देखिन्छ । स्थानीय समुदायलाई ढुङ्गा, गिट्टी, बालुवा आदिको संकलन तथा सदुपयोग गर्ने तरीका बारे जानकारी प्राप्त हुन्छ । सीप तथा प्रविधिको ज्ञान दिनाले प्रविधि हस्तान्तरण हुन गई भु-क्षय, बाढी जस्ता प्रकोपहरु न्युन हुने तथा वरपरको वन तथा वातावरणको दिगो संरक्षणमा सहयोग हुने देखिन्छ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव कम पर्ने देखिन्छ ।

### विकास निर्माण सामग्रीको उपलब्धता

स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी, बालुवा जस्ता पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थको सरल तरिकाले आपूर्ति गर्न यस योजनाले सहयोग गर्नेछ साथै स्थानीयस्तर तथा बाह्य आवश्यक पर्ने निर्माणका सामग्रीहरु समेत उपलब्ध हुने हुदा शहरीकरणमा समेत मद्दत हुनेछ

। यो प्रभाव प्रत्यक्ष, उच्च, राष्ट्रिय र लामो समय सम्म रहनेछ, त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महत्वपूर्ण मानिएको छ ।

७.१.३ जैविक प्रभाव

**जैविक विविधता संरक्षण तथा प्रोहोत्साहन**

वैज्ञानिक, दिर्घकालीन एवं वातावरण मैत्री विधी अपनाई नदीको वस्तु उत्खनन् गर्न निश्चित मापदण्ड पनि तोकिने हुदा जैविक विविधता संरक्षण हुने तथा यसको संरक्षणको प्रोत्साहन हुने देखिन्छ । यो प्रभाव अप्रत्यक्ष, उच्च, राष्ट्रिय र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महत्वपूर्ण मानिएको छ ।

## ७.२ प्रस्तावका प्रतिकूल प्रभावहरु

७.२.१ भौतिक प्रभाव

**नदी किनार कटान**

ढुङ्गा, गिट्टी, बालुवाको जथाभावी संकलन तथा डिपोजिट भएको परिमाण भन्दा वढी उत्खनन्/संकलन गर्नाले नदीले आफ्नो प्राकृतिक धार परिवर्तन गरी किनार कटान तथा नदी किनार रहेका वस्ती र खेति योग्य जमिनहरुमा प्रभाव पर्न सक्छ । प्रस्तावित क्षेत्रमा यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय र लामो समय सम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभावलाई मध्यम रुपमा महत्वपूर्ण मानिएको छ ।

**फोहर तथा जल प्रदुषण**

ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् गर्ने क्रममा कामदारहरुबाट फोहर सिर्जना हुन्छ र नदीको वातावरण प्रदूषण वढ्छ । नदीमा शौचालय गर्ने, खानेकुराहरु फाल्ने, पोखिने, प्लास्टिकहरु यत्रतत्र छरिने संम्भावना हुन्छ । त्यस्तै माथिल्लो भागमा ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् गर्ने क्रममा तल्लो भागमा जल प्रदूषण बढ्न सक्छ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभावलाई अति महत्वपूर्ण मानिएको छ ।

**वायु तथा ध्वनि प्रदूषण**

ढुवानी साधनको आवागमन तथा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्/संकलनले वायू प्रदुषण वढ्छ भने ढुवानी साधनको कारणले ध्वनि प्रदूषण वढ्छ । यो प्रभाव प्रत्यक्ष, उच्चस्तरको र स्थानीय स्तरमा लामो समय सम्म रहने छ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महवपूर्ण मानिएको छ ।

**अत्याधिक वस्तुको ढुवानी गर्दा बाटोमा हुने क्षय**

पहुँच बाटोमा वृद्धि हुँदा सो बाटोमा चल्ने गाडीको मात्रा पनि बढ्दछ । सामान ओहोर दोहोर गर्दा बाटोमा पहुँच मार्ग तथा मुल सडक खण्ड पनि जताततै खाल्डो बन्ने अवस्था आउन सक्छ, पानी जम्ने स्वभाविक नै रहन्छ । यसको प्रभाव प्रत्यक्ष, मध्यम, स्थान विशेष र लामो समयसम्म रहने देखिन्छ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम महवपूर्ण मानिएको छ ।

**थुप्रिएका वस्तुहरुले पार्ने असर**

नदीजन्य पदार्थहरुलाई निश्चित ठाउँमा निकास गर्नु अघि अथवा यी पदार्थहरुलाई प्रशोधन गर्नु अघि थुप्रो लगाउनु जरुरी हुन्छ । यसरी ढुङ्गा, गिट्टी, बालुवा तथा माटो धेरै समयसम्म थुप्रिदा दृश्य वातावरणमा नकारात्मक असर पर्दछ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र छोटो समयसम्म रहनेछ, त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव कम महवपूर्ण मानिएको छ ।

**वन क्षेत्रमा पार्ने नकारात्मक प्रभाव**

खोलाको किनारा छोडि विभिन्न स्थानहरुमा सामुदायिक वन क्षेत्र दर्ता रहेको फिल्ड अध्ययनमा देखिन्छ । सामुदायिक क्षेत्र र नदीको क्षेत्र विचमा प्रस्ट सिमा रेखा नभएकोले सिमा विवाद भई रहने र कतिपय अवस्थामा सामुदायिक वन क्षेत्रको सिमावाट समेत चोरि निकासी हुने अवस्था रहेको देखिन्छ । त्यसलाई प्रभावकारी अनुगमन पद्धतीको विकास गरि प्रभाव कम गर्न सकिने भएकोले कम महत्वपूर्ण मानिएको छ ।

७.२.२ आर्थिक, सामाजिक एवं सांस्कृतिक प्रभाव

**धार्मिक, संस्कृति तथा परम्परामा प्रभाव**

बाहिरवाट कामदारहरु आएको खण्डमा स्थानीय धर्म, संस्कृति तथा परस्परामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्छ । कामदारहरु स्थानीय वासिन्दा हुने भएको कारणले धर्म, संस्कृति तथा परम्परामा न्यून प्रभाव पर्ने देखिन्छ । प्रस्तावित क्षेत्रको वरपर करिब ५०० मी सम्मको दूरीमा कुनै पनि धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्वका ठाउँहरु छैनन् ।

**खेतीयोग्य जग्गा तथा उपजमा कमी आउनु**

नदीजन्य पदार्थहरुको संकलन तथा उत्खनन् अनियन्त्रित तथा उचित मापदण्ड विपरीत गर्दा नदीको गहिराई बढ्न गई तल्लो क्षेत्रमा रहेका खेती योग्य जमिनमा असर गरी वर्षेनी उत्पादन हुने धान गंहु, मकै जस्ता उपजमा कमी ल्याउन सक्ने सम्भावना रहेको देखिन्छ । कृषि नै स्थानीय बासिन्दाको जीविकोपार्जनको माध्यम भएकाले यस कार्यले बढी असर गर्ने देखिन्छ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र लामो समय सम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महवपूर्ण मानिएको छ ।

**स्वास्थ्य तथा सुरक्षा**

ढुङ्गा, गिट्टी, बालुवाको संकलन गर्दा विभिन्न प्रकृतिका औजारहरुको प्रयोगले कामदारहरुलाई चोटपटक लाग्न सक्छ । त्यसैगरि ढुङ्गा, गिट्टी उछिट्टिएर पनि जिउमा चोट लाग्न सक्छ । धुलोको कारणले श्वास–प्रश्वास र आँखाका रोगहरु लाग्न सक्छन् । ढुवानी साधनहरुको आवतजावतले आकस्मिक दुर्घटनाको संभावना पनि त्यतिकै रहन्छ । यो प्रभाव अप्रत्यक्ष मध्यम, स्थान विशेष र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव निम्न रुपमा महत्वका रुपमा हेरिएको छ ।

**वातावरणको सुन्दरतामा असर पर्नु**

नदीजन्य वस्तुहरुको खुल्ला रुपमा भण्डारण गर्दा यसले प्राकृतिक दृश्यमा असर पर्छ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र छोटो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव सामान्य रुपमा मानिएको छ ।

७.२.३ जैविक प्रभाव

**परिचालित कामदारद्धारा वन विनाश हुन सक्ने**

संकलन कार्यका क्रममा परिचालित कामदारहरु बाट रुख काट्ने, तस्करी हुन सक्ने संभावना रहेको छ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थानीय र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महवपूर्ण मानिएको छ ।

**वन्यजन्तु तथा माछा**

श्रमिकहरु तथा ढुवानी साधनको आवागमन र कोलाहलले वन्यजन्तुको प्राकृतिक विचरणमा खलल पुग्न सक्छ । यसका साथै श्रमिकहरुद्धारा वन्यजन्तुको अवैध शिकार हुने पनि संभावना बढ्छ । संकलन कार्यले माछाको बासस्थानमा नकारात्मक प्रभाव पर्छ जसले गर्दा संख्या घट्ने संभावना हुन्छ । त्यसैगरी



CamScanner

ढुङ्गा, गिट्टी, बालुवा संकलन गर्ने क्रममा खोलाका माछा मार्ने काम पनि हुन सक्छ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थानीय र लामो समयसम्म रहनेछ, त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ ।

७.२.४ रसायनिक प्रभाव

**रसायनको प्रयोगले हुने असरहरु**

निष्काशन तथा प्रशोधन गर्दा रसायनको प्रयोग हुने छैन तर पनि गाडी तथा औजारहरुको प्रयोग गर्दा तेल तथा रसायन चुहिन सक्छ जसले जल तथा जमिन प्रदुषण हुनेछ । लुब्रिकेन्ट्स र ग्रिजले गर्दा प्रदुषण हुनेछ । यो असर अप्रत्यक्ष, उच्च, स्थानीय र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव उच्च रुपमा महत्वपूर्ण मानिएको छ ।

**तालिका नं. ७.३ : प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कन**

| क.स | विषय वस्तु | प्रभाव | तरिका/विधि | प्रभाव वढोत्तरिकरण/ न्युनिकरण गर्ने उपायहरु |
|---|---|---|---|---|
| **क) भौतिक वातावरण (Physical Environment)** | | | | |
| १ | बाढी एवं अन्य जल उत्पन्न प्रकोप | घट्छ/न्युनिकरण हुन्छ | खोलाले बगाएर ल्याएका नदीजन्य पदार्थ निकाल्दा खोलाको सतह बढ्न पाउदैन र बाढी तथा अन्य प्रकोपहरु हुनबाट बचाउछ । | बाढी एवं अन्य जलउत्पन्न प्रकोप न्युनिकरण गर्नका लागि प्रस्तावित ठाउबाट खोलाले बगाएर ल्याएका नदीजन्य पदार्थ मात्र निकाल्ने उत्खनन्/संकलन कार्य तोकिएको समयमा तोकिएको परिमाणमा गर्ने । |
| २ | खोलाको बहाव/बाटोमा आउने प्रभाव | सकारात्मक | खोलाले बगाएर ल्याएका नदीजन्य पदार्थ निकाल्दा खोलाले धार परिवर्तन नगर्ने हुनाले नदीको बहाव आउने प्रभाव कम हुन्छ । | खोलाको वहाव/वाटोमा आउने प्रभाव कम गर्नका लागि नदीले बगाएर ल्याएका नदी जन्य पदार्थहरु थुपारेको ठाउ बाट मात्र निकाल्ने । |
| ३ | भिरालोपन | नकारात्मक | नदीको वहाव ठुलो हुन गई पहिरोको सम्भावना उच्च रहने सभ्मावना हुन्छ । | प्रस्तावित क्षेत्रमा भिरालोपन युक्त क्षेत्र नभएकोले जोखिमयुक्त क्षेत्र रहेको छैन । |
| ४ | भौतिक संरचनामा हुने असर | नकारात्मक | भौतिक संरचनाको नोक्सानी भइ धनजनको क्षति हुन्छ । | पक्की पुलको ५०० मि. र झोलुङ्गे पुलको २०० मि. सम्मका स्थानमा प्रस्ताव नगरिएको तथा केही बस्तिहरु रहेकाले गा. |

| | | | | |
|---|---|---|---|---|
| | | | | पा. ले तोकिएको क्षेत्रबाट उत्खनन गरी तोकिएको मार्गबाट मात्र ढुवानी गर्ने र तोकिएका बोर्डहरु राख्ने । |
| ५ | पानी तथा सरसफाई | प्रदुषण बढ्छ | कामदारहरुको उपस्थिले गर्दा खाएका खाने कुराका खोल र दिसा पिसाब गर्न सक्ने प्रबल सम्भावना देखिएको हुनाले प्रदूषण बढ्न सक्छ । | त्यस क्षेत्रमा खुला दिसा पिसाब रोक्नु पर्ने र कामदारको लागि अस्थाई रुपले भएपनि शौचालय को व्यवस्था गर्नुपर्ने । |
| ६ | धुलोपन एवं ध्वनी । | बढ्छ | नदी जन्य पदार्थ ढुवानी गर्दा मोटरहरुको धुवाँ एवं ध्वनी बढ्न गई प्रदुषण बढ्ने सम्भावना रहन्छ | संकलन गरिएका पदार्थहरु तत्काल ढुवानीको व्यवस्था मिलाउने । ढुवानी गर्दा त्रिपालले छोपेर गर्ने र त्यस क्षेत्रलाई हर्न निषेधित क्षेत्र बनाउने । |
| ७ | उत्खनन्/संकलन सामग्रीको भण्डारणको प्रभाव । | नकारात्मक | ठाउँठाउँमा अव्यवस्थित सामग्रीको भण्डारणले नदीको सौन्दर्य घटाउछ | संकलन गरिएका पदार्थहरु तत्काल ढुवानी प्रबन्ध मिलाउन र संकलन गर्दा नदीलाई र उत्पादित हुने ठाँउलाई प्रभाव नपार्ने गरि संकलन गर्ने । |
| ८ | फोहरमैला एवं खेरा जाने सामग्री । | प्रदूषण बढाउछ | फोहरमैला एवं खेरा जाने सामग्रीहरु कामदार बढे पछि जताततै छरिने हुनाले प्रदूषण बढाउछ । | तोकिएको स्थानमा फोहोरमैलाको व्यवस्थापन गर्ने । जथावाभी उत्खनन् गरी ठुला खाडलहरु नबनाउने । फोहोरमैला पानीको श्रोतमा नमिक्याई खन्ने र पुर्ने कार्यमा सन्तुलन कायम गर्ने |

**ख) सामाजिक, आर्थिक एवं सांस्कृतिक वातावरण (Socio-economic and Cultural Environment)**

| | | | | |
|---|---|---|---|---|
| १ | आयश्रोत एवं रोजगारीको अवसर | वढ्छ | रोजगारीको अवसर प्राप्त हुन्छ । | प्रस्तावित क्षेत्रमा रोजगारीको लागि स्थानीय बासिन्दाहरुलाई नै प्राथमिकता दिनु पर्ने । |
| २ | बाटो/सडक संजाल | वढ्छ | उत्खनन्/संकलन र ढुवानीको क्रममा नया पहुच/प्रवेश मार्ग खोलिने । | सडक संजालको निर्माणसँगै सडकको गुणस्तर, मुआब्जामा ध्यान दिनु पर्ने । तर प्रस्तावित क्षेत्रहरुमा तत्काल सडक संजाल विस्तार गर्नु पर्ने देखिदैन । |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | गाउँपालिकाको आयश्रोत | बढ्छ | गाउँपालिकाले ठेक्का बन्दोवस्तबाट वर्षिक राजस्व संकलन गर्ने छ । | संकलन भएको रकमबाट केहि प्रतिशत प्रभावित क्षेत्रको लागि छुट्याउने, गाउँपालिकाले ठेक्का लगाउदा प्रभावित ठाउमा कुनै किसिमको जैविक, भौतिक रुपले असर नहुने गरि ठेकदारसंग सम्झौता गर्नु पर्ने । |
| ४ | विकास निर्माण सामग्रीको उपलव्धता | बढ्छ | नदीजन्य पदार्थ निकाल्दा विकास निमार्ण कार्यमा ति सामग्री उपलब्ध गराउन सकिन्छ । | दिगो रुपमा उत्खनन् र सदुपयोग गर्नुपर्ने । विकास निर्माण कार्यका लागि नदी जन्य पदार्थ निकाल्नु पर्दा ती विकास निर्माण कार्यको रेकर्ड राख्नु पर्ने । |
| ५ | धार्मिक/सांस्कृतिक एवं ऐतिहासिक स्थल | नकारात्मक | कामदारहरुको चाप, आवत जावत र नदीको दोहनले स्थानीय बासिन्दाको धर्म, संस्कृति तथा परम्परामा आंच आउन सक्छ । | प्रस्तावित उत्खनन्/संकलन क्षेत्रको आसपासमा कुनै धार्मिक/सांस्कृतिक एवंम ऐतिहासिक स्थलहरु रहेकाले समस्या नआउने । |
| ६ | पेशागत स्वास्थ्य एवं सुरक्षा | बिग्रन्छ | औजारको प्रयोग गर्दा चोटपटक लाग्न सक्छ, बर्षा याममा उत्खनन् गर्दा कामदारलाई बगाउन सक्छ, त्यस्तै धुलो र धूवाले श्वासप्रश्वासमा असर पार्न सक्छ । | पेशागत स्वास्थ्य एवं सुरक्षाका लागि हेल्मेट र बुटको प्रयोग गर्ने, ट्राफिक चिन्ह ठाउ ठाउमा राख्ने, पेशागत स्वास्थ्य सुरक्षाको बारे कामदारलाई जानकारी गराउने । |
| ७ | जनसंख्या विस्थापना | हुदैन | उत्खनन् क्षेत्र २०० मि. वरिपरि वस्ति केहि मात्रामा भएता पनि उल्लेखनीय असर पर्दैन । | प्रस्तावित क्षेत्रवाट कुनै पनि जनसंख्या विस्थापित हुन पर्ने अवस्था नरहेको । |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ८ | खेतीयोग्य जमीन | नाश हुदैन | उत्खनन् कार्यले खेतीयोग्य जमिनको सुरक्षा हुन्छ । | नदी किनारबाट उत्खनन् कार्य नगर्ने । |
| ९ | कामदार वीच झैंझगडा | हुन्छ | कामदारहरुले रक्सी सेवन गरी काम गरेमा र कामको बाडफाड नमिलेमा । | स्थानीय कामदारलाई प्राथमिकता दिने । कामदारवीच झैंझगडा रोक्नाका लागि नशाजन्य पदार्थहरुमा रोक लगाउने र कामको बाडफाड गरिदिने । |
| १० | नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण | हुन सक्छ | बहिरबाट कामदारहरु भित्रिएको अवस्थामा । | वस्ती विस्तार नियन्त्रण गर्न समय समयमा अनुगमन गर्ने । |
| ११ | पैदलयात्रीको सुरक्षा | घट्छ | गाडीको चाप बढ्नाले । | ट्राफिक चिन्ह र नियम ठाउठाउमा राख्ने |
| **ग) जैविक वातावरण (Biological Environment)** | | | | |
| १ | माछा एवं अन्य जलचरमा पर्ने प्रभाव | नकारात्मक | उत्खनन् कार्य पानीमा गर्दा माछा मर्ने र अन्य जलचरको बासस्थान विनाश हुन्छ । नदीजन्य पदार्थ निकाल्दा ध्वनी कम्पनले गर्दा माछा मर्ने सम्भावना बढ्ने देखिन्छ । | ढुंगा, गिटी, बालुवा संकलन तथा उत्खनन् कार्य जलचर तथा उभयचर प्राणीको वासस्थान भन्दा टाढा गर्ने साथै पानी बगिरहेको ठाउबाट नदीजन्य पर्दाथ निकाल्न र फोहोरहरु पानीमा फ्याक्न नदिने । |
| २ | वन्यजन्तुको आवतजावत | नकारात्मक | वन्यजन्तुको आवतजावत घट्छ किनकि ढुवानीका साधनहरुको उपस्थितिले गर्दा र कामदारहरु बाट चोरि सिकारि सम्भावनाले गर्दा । | प्रस्तावित क्षेत्र वन्यजन्तुको आवतजावत न्यून हुने क्षेत्र भएकोले प्रभाव दैखिदैन तैपनि त्यसता ठाउहरुमा कामदारहरु लाई बस्न नदीने र हो हल्ला गर्न नदीने ढुवानीका साधनहरुलाई हर्न निषेध गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३ | गैरकानुनी शिकार | सम्भावना छ | कामदारको चापले गैर कानुनी चोरी शिकारी बढ्न सक्ने | कामदारलाई जंगली जन्तुलाई तर्साउने, शिकार गर्ने जस्ता कार्यमा रोक लगाउने । रात्रीकालिन समयमा संकलन, उत्खनन् कार्य नगरी कामदारलाई वन्यजन्तु सम्बन्धि प्रचलित ऐनकानुनहरु प्रति सचेत गराउने । |
| ४ | वन्यजन्तु एवं वनपैदावारको गैरकानुनी व्यापार | सम्भवाना छ | वन्यजन्तु एवं वनपैदावरको गैरकानुनी व्यापार बढ्ने, कामदारको चापले गर्दा चोरी निकासी हुने सम्भावना । | कामदारलाई उक्त कार्यमा रोक लगाउने । शिकारसम्वन्धी कानूनी कार्वाहीको बारेमा अभिमुखीकरणमा सचेत गराउने, समय– समयमा अनुगमन गर्ने । |

**घ) रसायनिक वातावरण (Chemical Environment)**

| | | | | |
|---|---|---|---|---|
| १ | इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट | हुन्छ | इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट हुनसक्ने, ढुवानीका साधनहरु को बढ्दो चापले गर्दा र ढुवानीका साधनहरु बिग्रिने अवस्थाले गर्दा रसायनहरुको चुहावट हुन सक्ने सम्भावना । | इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरु कम गर्नका लागि प्रभावित ठाउमा जानु भन्दा पहिले गाडिहरुलाई बनाएर लैजानु पर्ने । |
| २ | धुलो एवं धुवा उत्सर्जन | हुन्छ | धुलो एवं धुवा उत्सर्जन बढ्छ किनकि ढुवानीका साधनहरुको चाप बढछन र त्यसकारण धुलो धुवा उत्सर्जन हुन्छ । | धुलो एवं धुवा उत्सर्जन नियन्त्रण गर्नका लागि ढुवानीका साधनहरुले नदीजन्य पदार्थ बोक्दा त्रिपालले छोपेर बोक्न लगाउने र कामदारहरुलाई पनि काम गर्दा हेलमेट र माक्स अनिबार्य लगाउनु पर्ने । सवारी साधनको आवतजावत गर्ने बाटोमा पानी छर्कने । |



CamScanner

अध्याय आठ (Chapter VIII)

# प्रभाव बढोत्तरिकरण एवं न्यूनीकरण गर्ने उपायहरु

# (Impact Mitigation and Enhancement Measures)

ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन् र ढुवानी गर्दा वातावरणमा पर्नसक्ने सकारात्मक तथा नकारात्मक प्रभावहरुको पहिचान गरी ती प्रभावको, प्रभाव सकारात्मक भए बढोत्तरिकरण र प्रभाव नकारात्मक भए न्युनिकरण गर्ने उपायहरुको उल्लेख यस अध्यायमा गरिएको छ ।

## ८.१ प्रस्तावको अनुकुल प्रभावहरु बढोत्तीरकरणं

### ८.१.१ भौतिक वातावरण

**नदी किनारको व्यवस्थापन**

प्रस्तावित खोलाहरु सदाबहार बग्ने खोलाहरु भएकाले यसले बाह्रै महिना खोला किनारमा क्षति पुऱ्याउने खतरा छ। त्यसैले ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्य तोकिएको परिमाण तोकिएको स्थानबाट मात्र निकालिने व्यवस्था गर्नु जरुरी हुन्छ। जसले गर्दा बाढी एवं अन्य जलउत्पन्न प्रकोपको क्षतिबाट बच्न सकिनेछ। पहिरो वा भू–क्षय भएका स्थानमा तुरुन्तै बायोइञ्जिनियरिङ कार्य र River Training को प्रयोग गरी रोकथाम गरिने छ।

**पानीको प्राकृतिक वहाव-मार्ग कायम**

विद्यमान नदीमार्गलाई सुरक्षित र सन्तुलित राखिने छ। खोलाहरुको भित्री किनारमा कम्तिमा ५ मि. छोडेर मात्र ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् गरिने छ। संकलन कार्य गर्दा नदीको बहावलाई विचमा केन्द्रित गर्ने गरी व्यवस्था मिलाइने छ।

**फोहर तथा जल प्रदुषण**

ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्यमा संलग्न कामदारहरुद्वारा खोलाहरुमा फोहर पार्ने काम हुन्छ। खानेकुरा र प्लास्टिकका सामानहरु यत्रतत्र फाल्ने काम हुन्छ। यसको न्युनीकरणको लागि कम्तिमा हप्तामा एक पटक त्यस्ता फोहरहरु संकलन गरी वातावरणमा असर नपर्ने गरी उपयुक्त स्थानमा विसर्जन गराइने छ।

प्रमुख प्रशासकिय अधिकृत

**वायु तथा ध्वनि प्रदुषण**

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन कार्यमा धुलोको कारण वायु प्रदुषण हुन्छ। त्यसै गरी ढुवानी साधनहरुको आवागमनले धुलो र ध्वनि उत्पन्न गराउछ। त्यसकारण वायु प्रदुषण कम गर्ने उपायहरुमा सडक विभागले तोकेको मापदण्डको सवारी साधनको प्रयोग र सडकमा पानीको प्रयोग गरिनेछ। ढुवानी साधनहरुमा बालुवा र गिट्टी लोड गरिसकें पछि अनिवार्य त्रिपालद्वारा ढाकिने छ। त्यसै गरी ढुवानी साधनहरुमा प्रेशर हर्न निषेध गरिनेछ।

८.१.२ आर्थिक, सामाजिक एवं सांस्कृतिक वातावरण

**रोजगार श्रृजना**

रोजगारमा स्थानीय बासिन्दालाई प्राथमिकता दिईनेछ। पुरुष तथा महिलालाई बराबर पैसा दिईनेछ। साथै प्रस्तावक आफैले परियोजनाको स्थिति तथा कामको जानकारी दिनेछन् जसले गर्दा निष्काशन तथा संकलन सुनिश्चित रहने छ।

**व्यापार र व्यवसायमा वृद्धि**

जीवनस्तर उकास्ने खालको सिपमूलक तालिम दिने तथा सो क्षेत्रमा व्यापार प्रवर्द्धन गरिनेछ। यसले स्थानीय स्तरमा व्यापार, व्यवशायको वृद्धी विकासमा सहजता ल्याउने देखिन्छ।

**विकास निर्माण सामग्रीको उपलब्धता**

प्रस्तावबाट निर्माण सामग्री उपलब्ध हुने हुदा यसले निर्माण तथा विकासमा टेवा पुऱ्याउने छ। यातायात, ती वस्तुको बजारीकरणको महत्वपूर्ण हिस्सा भएकाले पहुच मार्गको नियमित मर्मत तथा आवश्यक परेमा स्तरोउन्ती समेत गरी सामाग्री ढुवानीलाई सहजता वनाउनु पर्ने छ।

८.१.३ जैविक वातावरण

**वन तथा वनस्पति**

ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्यमा संलग्न श्रमिकहरु र चालक दलका सदस्यहरुबाट अवैधानिक रुपमा रुख विरुवाहरुको हानी र चोरी हुन सक्ने संभावना छ। यसको न्यूनीकरण र रोकथामको लागि उनीहरुलाई कार्यशाला गोष्ठी आयोजना गरी चेतनाको विकास गराउनु अनिवार्य छ। गोष्ठीको मुख्य विषयमा वन, वातावरणको अन्तरसम्बन्ध र ऐन नियम बारे जानकारी गराइने छ।

**जैविक विविधता संरक्षण तथा प्रोत्साहन**

तोकिएको क्षेत्रबाट मात्र श्रोतको संकलन गर्ने, कामदारहरुलाई तालिम, प्रचार प्रसार गराई संकलन तथा कम क्षतिको लागि उचित संकलन समयको निर्धारण गरिनेछ । जैविक विविधताको संरक्षणका लागी प्रत्यक्ष संलग्न कामदारहरुका लागी जनचेतना मुलक क्रियाकलाप संचालन गराईने छ ।

**तालिका ८.१ : सकारात्मक प्रभावको बढोत्तरिकरण गर्ने उपायहरुको समीक्षा "म्याट्रिकस"**

| क. स. | सकारात्मक प्रभावहरु | सम्बन्धित सकारात्मक असरहरु | प्रभाव वढाउने उपाय | उपाय कार्यान्वयन गर्न लाग्ने खच (ने.रु.) ( वार्षिक) | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १) | जलउत्पन्न प्रकोप घट्छ | खोला वरपर थुप्रिएका श्रोत बस्तु संकलन गर्दा खोलाको धार परिवर्तन नहुने, स्थनिय वसोवास सुरक्षित हुने । | • संकलन कार्य गर्दा नदीको बहावलाई विचमा केन्द्रित हुने गरी गर्ने ।<br>• नदी को धार परिवर्तन नहुने गरी संकलन कार्य गर्ने ।<br>• निश्चित मात्रामा कामदार लगाईने र तिनीहरुलाई तालिमको ब्यबस्था गर्ने ।<br>• तोकिएको मौज्दात परिमाण मात्रसंकलन गर्ने जानकारी दिन प्रत्येक संकलन क्षेत्रहरुमा दैनिक संकलन मौज्दात, बार्षिक संकलन दिन तथा समय | ५०,००० | ठेकेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्पष्ट उल्लेख हुने गरि होर्डिङ्ग बोर्डको व्यवस्था गर्ने । | | |
| २) | आयश्रोतको एवं रोजगारीको अवसर | स्थानिय र पिछ्याडिएका जनसमुदायहरुलाई जिविको आर्जनमा सहयोग पुग्ने । | ▪ अनिवार्य रुपमा स्थानिय पिछ्याडिएका जनसमुदायहरुलाई कामदारका रुपमा लगाईने व्यबस्था गर्ने । | खर्च नलाग्ने | गाउँपालिका |
| ३) | पहुँचमार्गको नियमित मर्मत तथा सुधार | स्थानीय समुदायलाई आवत जावतमा सहज हुने । | ▪ प्रस्ताव कार्यान्वयन पूर्व पहुँचमार्गको स्तरोन्नति तथा निर्माण कार्य | ठेकेदारले नियमीत रुपमा गर्ने | गाउँपालिका |
| ४) | गाउँपालिकाको आयश्रोत वढ्छ | गाउँपालिकालाई वजेट विनियोजनमा केही मात्रामा सहज हुने र आयश्रोत समेत वढ्नाले स्थानिय विकास, निर्माण कार्य वढ्ने । | ▪ गाउँपालिकालाई प्राप्त भएको रकमसहि किसिमले प्रयोग भए नभएकोनियमित रुपमा अनुगमन गन | खर्च नलाग्ने | गाउँपालिका |
| ५) | विकास निर्माण सामाग्रीको उपलव्धता | शहरीकरणलाई टेवा पुग्ने, | ▪ नियमित अनुगमन गन | खर्च नलाग्ने | अनुगमन समिती र गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्थानीय विकास, निर्माण का काममा परनिर्भरता घट्ने । | | | |

तालिका ८.२ : नकारात्मक प्रभावको निराकरण गर्ने उपायहरुको समीक्षा "म्याट्रिक्स"

| क्र. स. | नकारात्मक प्रभावहरु | सम्वन्धित नकारात्मक असरहरु | न्युनिकरण गर्ने उपायहरु | उपाय कार्यान्वयन गर्न लाग्ने खच (ने.रु.) | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १) | भौतिक संरचनामा नकारात्मक असर हुने | संरचना भत्कन गई मूख्य सडक अवरोध हुन सक्ने, धनजनको क्षति हुन सक्ने । | वाटो, कुलो घाटहरुलाई असर गर्ने भए आवश्यकताअनुसार ग्याविन वाल निर्माण गर्ने । ढुवानीका लागि गाउँपालिकाले तोकिदिएको सडकहरुबाट मात्र गर्ने । | आवश्यकता अनुसार | गाउँपालिका ठेकेदार |
| २) | पानी तथा सरसफाईमा नकारात्मक असर हुने | पानी धमिलो हुनाले नदिको पानीमा आश्रित जनसमुदायलाई सरसफाईमा समस्या । | खुल्ला रुपमा दिशा गर्न निरुत्साहित गर्ने र अनिवार्यरुपमा शौचालय प्रयोग गर्ने । कामदारहरुद्धारा खेर छाडिएका फोहरहरुको उचित व्यवस्थापन गर्ने । | खर्च नलाग्ने | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ३) | धुलोपन एवं ध्वनी प्रदुषण वढछ | वरपर बसोबास गर्ने मानिसहरुमा हुनसक्ने स्वास्थ्य समस्या | ▪ ढुवानी गर्दा प्रयोग गर्ने कच्चि बाटो नियमित रुपमा पानीले भिजाउने<br>▪ ढुवानी गर्दा संकलित श्रोतबस्तुहरुलाई पूर्णरुपले त्रिपालले छोपेर मात्र ढुवानी गर्ने ।<br>▪ विद्यालय जस्ता संवेदनशील क्षैत्रमा हर्न बजाउन निषेधित गर्ने<br>▪ IEE ले तोकेको समय बमोजिम मात्र उत्खनन् गर्ने | खर्च नलाग्ने (लागेको खण्डमा ठेकेदारले व्याहोर्ने ) | ठेकेदार |



CamScanner

अध्याय नौ (Chapter IX)

# वातावरणीय व्यवस्थापन योजना (Environmental Management Plan)

वातावरण व्यवस्थापन योजना कुनै पनि योजना निर्माण वा संचालन गर्दा त्यसका गतिविधिहरुबाट वातावरणमा पर्न सक्ने असर/प्रभावहरुको पहिचान गरी त्यसलाई न्यूनीकरण गर्न गरिने प्रस्तावित एकिकृत प्रयासहरुको योजना हो । वातावरण व्यवस्थापन योजना विशेष गरी प्रभाव मूल्याङ्कन गर्दा अति महत्वपूर्ण प्रभावहरु भनि पहिचान गरिएका प्रभावहरुको हकमा निर्माण गरिने छ । आयोजना निर्माण पूर्व, निर्माण तथा संचालन चरणमा पर्न सक्ने विभिन्न वातावरणीय असरहरुको तथा ती चरणहरुमा ध्यान पुऱ्याउनुपर्ने वातावरणीय सवाल, आयोजनाका लाभवृद्धिका उपायहरु, नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु, त्यसका कार्यान्वयन तथा वातावरणीय अनुगमनका लागि संस्थागत जिम्मेवारी, वातावरणीय सम्बर्धन तथा नकारात्मक प्रभाव न्यूनीकरणको लागत समेत समावेश गरी वातावरण व्यवस्थापन योजना तयार पारिएको छ ।

## ९.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु

### स्थानीयस्तरका संघ संस्थाहरु


**क) गाउँपालिका :** नदी/खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन र ढुवानी गर्न स्वीकृति प्रदान गर्ने संस्थाहरु मध्ये घ्याङलेख गाउँपालिका पनि एक हो । नदीबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन कार्यको कार्यान्वयन र अनुगमन गर्ने गाउँपालिक सबैभन्दा उच्च संस्था हो । ढुङ्गा, गिट्टी, बालुवा संकलन सम्बन्धि योजना र नीतिहरु गाउँपालिकाको अनुमतिमा गर्न पाइन्छ ।

**ख) गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरुः** विभिन्न संघ सस्था, स्थानीय क्लबहरु, गैरसरकारी संस्थाहरु, साझेदारी वन उपभोक्ता आदि संघ संस्थाहरुले ढुङ्गा, गिट्टी, बालुवा संकलन र ढुवानी कार्य एवं वातावरण संरक्षणमा प्रमुख भूमिका खेल्न सक्नेछन् ।

**ग) डिभिजन वन कार्यालयः** डिभिजन वन कार्यलयको वन क्षेत्र भित्र पर्ने नदीबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन कार्यको स्विकृति दिन सक्ने अधिकारिक संस्था डिभिजन वन कार्यलय हो । ढुङ्गा, गिट्टी, बलुवा संकलन कार्य डिभिजन वन कार्यालय र गाउँपालिकाको अनुमतिमा गर्न पाइन्छ ।

**घ) जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयः** नदी उत्पन्न प्रकोपसंग सम्बन्धित यस कार्यालयसंग प्रस्ताव कार्यान्वयन गर्दा समन्वय हुन जरुरी छ । जल उत्पन्न प्रकोप नियन्त्रण विशेषज्ञहरुको राय






CamScanner

सुझाव र प्राविधिक ज्ञान निकै उपयोगी हुन सक्छन् तर सिन्धुली जिल्लामा जिल्ला स्तरिय संरचना वा क्षेत्रिय कार्यालय सिन्धुलीबाट आवश्यक सहयोग लिने सकिने छ।

**ङ) जिल्ला सिंचाइ कार्यालयः** नदीबाट त्यसै खेर गइरहेको पानीको सदुपयोग गरी सिंचाइ गर्न सकिन्छ । प्रस्ताव कार्यान्वयनबाट सिंचाइ कुलो तथा नहरहरुमा प्रभाव पर्ने संभावनालाई ख्याल गरी जिल्ला स्थित अधिकारिक संस्था जिल्ला सिंचाइ कार्यालय संग समन्वय गर्नु उपलब्धिमुलक हुनेछ ।

**केन्द्रिय स्तरका संघ संस्थाहरु**

**क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः**

गाउँपालिका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अन्तर्गत हुने हुदा केन्द्रस्तरको अधिकारीक संस्था भनेको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय हो । नेपाल सरकारका नीति नियमहरुको कार्यान्वयन बारेमा स्थानीय विकास मन्त्रालयले गाउँपालिकालाई निर्देशन दिन्छ र त्यसको अनुगमन गर्दछ ।

**ख) वन तथा भू-संरक्षण मन्त्रालयः** वन जंगल क्षेत्रभित्र पर्ने सबै प्रकारका नदी खोलाहरु वन तथा भू-संरक्षण मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन र तिनीहरुको व्यवस्थापनको लागि जिल्लास्तरमा जिल्ला वन कार्यालय हुन्छ । त्यसकारण नदी/खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्यमा यी दुई मन्त्रालयको अहम् भूमिका भएको हुनाले यिनीहरुको समन्वय अति आवश्क हुन्छ ।

**ग) जनसंख्या तथा वातावरण मन्त्रालयः** वातावरणीय असरहरु र तिनीहरुको न्यूनीकरणका उपायहरुको सवाल आउनसाथ जनसंख्या तथा वातावरण मन्त्रालयको सन्दर्भ अनिवार्य हुन्छ । वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली जारी गर्ने केन्द्रस्तरको संस्था जनसंख्या तथा वातावरण मन्त्रालय हो । त्यसैले प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन र वातावरण प्रभाव मूल्याङ्कन गर्दा वातावरण संरक्षण ऐन र नियमावलीलाई मुख्य आधार बनाउनु अनिवार्य हुन्छ ।

## ९.२ अनुगमन तथा वातावरणिय व्यवस्थापन योजना र समय तालिकाः

प्रत्येक कियाकलापको अनुगमन गरेपछि त्यसवाट प्राप्त सुचनाहरुको अभिलेखिकरण गर्नु पर्दछ । अनुगमनबाट प्राप्त सुचनाहरुको अधारमा गाउँपालिकाले भविष्यको योजना तर्जुमा गर्दछ । सुधार गर्नु पर्ने पक्षहरुलाई ध्यान दिदै नया र प्रभावकारी योजना तर्जुमा गर्न अनुगमन अभिलेखिकरणबाट



CamScanner

सुचनाहरुले ठुलो सघाउ पुऱ्याउनेछन् । समान्यतया प्रस्ताव कार्यान्वयन हुने आयोजनामा आधार रेखा अनुगमन, पालना अनुगमन र प्रभाव अनुगमन गरिन्छ ।

## ९.३ अनुगमन र न्यूनीकरणको खर्चको विवरण

आयोजना कार्यान्वयन पूर्व, कार्यान्वयन भइरहेको समयमा र कार्यान्वयन पश्चात् नियमित अनुगमन गरिने हुदा त्यसको लागि निम्न रकम छुट्याइएको छ । र अनुगमन लागत भने घ्याङलेख गाउँपालिका स्वयम आफैले बेहोर्नु पर्ने छ ।

*तालिका ९.२ वातावरण अनुगमन लागत*

| सि.नं. | अनुगमन गरिने क्रियाकलाप | अनुमानित लागत | अनुगमन गर्ने निकाय |
|---|---|---|---|
| १ | प्रविधिक अनुगमन लागत | ६३,५०० | गाउँपालिका |
| २ | नियमित अनुगमन लागत | ६२,०९२ | गाउँपालिका |
| | जम्मा | १,२५,५९२ /- | |

*तालिका ९.३ प्रविधिक अनुगमन लागत*

| सि.नं. | मानव संसाधन | अवधि (दिन) | दर (रु./दिन) | जम्मा रकम |
|---|---|---|---|---|
| १ | वातावरणविद् | २ x २ | ३,५०० | १४,००० |
| २ | भूगर्भविद् | २ x २ | ५,५०० | २२,००० |
| ३ | समाजशास्त्री | २ x १ | २,५०० | ५,००० |
| ४ | जिवशाश्त्री | १ x १ | २,५०० | २,५०० |
| ५ | सहायक कर्मचारी | २ x २ | १,५०० | ६,००० |
| ५ | यातायात र प्रतिवेदन तयार | एकमुस्ट | | १४,००० |
| | जम्मा | | | ६३,५०० /- |

नदीजन्य पदार्थको उत्खनन्/संकलन कार्यवाट स्थानीय स्तरमा हुने प्रभाव न्यूनीकरणका लागि निम्न अनुसारको खर्चको विवरण प्रस्तुत गरिएको छ ।

तालिका ९.४ प्रभाव न्यूनीकरणका लागि खर्च

| सि.नं. | मानव संसाधन | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | होडिङ्ग वोर्ड | १० | २,५०० | २५,००० |
| २ | तालिम | ५ | २०,५०० | १,०२,५०० |
| ३. | सामाजिक उत्थान | ५ | २५,००० | १,२५,००० |
| जम्मा | | | | २,५२,५००/- |

**वातावरण अनुगमन लागत:** १,२५,५९२/-

प्रविधिक अनुगमन लागत: ६३,५००/-

प्रभाव न्यूनीकरणका लागि खर्च: २,५२,५००/-


**जम्मा लागत ४,४१,५९२ /-** (मूल्य अभिबृद्धि कर बाहेक)

**जम्मा लागत :४,९९,०००/-**

## ९.४ वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरुको संगठनात्मक स्वरुप

प्रमुख प्रशासकीय अधिकृत

**वातावरण व्यवस्थापन योजना लागु गर्न संस्थागत गठनको ढाचा**



अध्यायदश(Chapter X)

# निष्कर्ष एवं सुझावहरु (Conclusion and Recommendations)

## १०.१ निष्कर्ष

वातावरण संरक्षण दिगो विकासको मुल मान्यता हो । भौतिक विकास निर्माण वा अन्य कार्यहरु गर्दा वातावरणमा प्रतिकूल असर पर्न सक्ने हुनाले यस्ता कार्यहरु गर्दा प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक श्रोतको समुचित उपयोग गर्नका लागि वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ बमोजिम कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने हुन्छ ।

सिन्धुली जिल्लाको घ्याङलेख गाउँपालिका वडा नं १ भएर बग्ने सिम्ले खोला, वडा नं २ भएर बग्ने ठाडे खोला, वडा नं १, २ र ३ भएर बग्ने मरिण खोला, वडा नं ३ र ४ भएर बग्ने तामाजोर खोला, वडा नं ५ भएर बग्ने रामपूर खोला र राङ्चा खोला क्षेत्रहरुबाट दिगो र वातावरणमैत्री रुपमा नदीजन्य पदार्थको उत्खनन् र संकलन गर्ने कार्यसँग यो प्रस्ताव सम्बन्धित छ । नदीजन्य वस्तुको संकलनको योजना बनाई कार्य संचालन गर्दा प्राकृतिक श्रोतको उचित उपभोग मात्र नभई नदी व्यवस्थापनमा पनि ठूलो सहयोग पुग्नेछ । निर्माणका लागि आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा आदि समयमै वैज्ञानिक तरिकाद्वारा संकलन हुंदा श्रोतमा आधारित उद्योगहरु र निर्माणका योजनाहरु सञ्चालनमा रही स्थानीयस्तर देखि राष्ट्रियस्तर सम्म आपूर्तिको व्यवस्था हुनसक्छ । ढुङ्गा, गिट्टी बालुवा संकलन/उत्खनन् गर्ने नदीकुनै विशेष संवेदनशिल क्षेत्रमा पर्दैन । साथै यस प्रस्तावित क्षेत्र संरक्षित क्षेत्र, निकुन्ज, चुरे क्षेत्र जस्ता वातावरणीय दृष्टीकोणले सम्वेदनसिल क्षेत्र भित्र पर्दैन । प्रस्ताव कार्यान्वयन गरिदा नदी नजिकैका वस्ती तथा खेतीयोग्य जमीन बाढीले क्षतिग्रस्त हुन र डुवानबाट बच्ने देखिन्छ । साथै यस प्रस्ताव कार्यान्वयन गरिदा ठुलो क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकूल प्रभावहरु पर्ने स्थिति देखिदैन । यस प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनमा पहिचान भएका सम्पूर्ण वातावरणीय असरहरुलाई न्यूनिकरण गरी स्वीकार्य तहसम्म ल्याउन प्रभाव न्यूनिकरणका कम खर्चिला तथा सहज उपायहरु अपनाइएको छ । प्रतिवेदनमा संलग्न वातावरणीय असर न्यूनिकरणका उपायहरुले असर गर्ने क्षेत्रको गुणस्तर सुधारमा सहयोग पुऱ्याइ जीवनस्तरको गुणस्तर कायम गर्न सहयोग गर्नेछ ।

यस प्रस्तावको कार्यान्वयनबाट स्थानीयस्तरमा रोजगारीको श्रृजना हुनुका साथै जिल्ला समन्वय समिति तथा घ्याङलेख गाउँपालिकालाई प्रत्यक्ष रुपमा राजश्व प्राप्त हुनेछ। प्रस्तावको कार्यान्वयन हुने नदी धेरै जनघनत्व भएको वस्ती, सांस्कृतिक सम्पदा क्षेत्र, संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा चुरे क्षेत्रमा पर्दैन। यस योजनाले कुनैपनि क्षेत्रलाई उल्लेख्य असर पार्दैन, बाढीको कारण बन्दैन, हावा तथा पानीलाई सामान्य रुपमा धुवाँ, धुलोले प्रदुषण भने गर्नेछ साथै जथाभावी नदीजन्य वस्तुको उत्खनन्ले भने किनारको भागको कटानी तथा सामान्य पहिरो जान सक्छ।

यस आयोजनाको स्वीकृतिको लागि प्रारम्भिक वातावरणीय परीक्षण पर्याप्त रहेको छ। प्रभावहरुको न्यूनीकरण र संलग्न वातावरणीय अनुगमन योजना कार्यान्वयन गरी तोकिएको स्थान र परिमाण भित्र रहने गरी स्वीकृत भएको मितिबाट लागू हुने गरी २ बर्षको अवधि भित्र ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् , संकलन तथा ढुवानी गर्ने सर्तमा प्रस्तावित आयोजना कार्यान्वयन गर्ने निष्कर्ष निकालिन्छ। यो प्रस्तावना वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २ को दायरा भित्र पर्ने हुनाले प्रारम्भिक वातावरणीय परीक्षण नै पर्याप्त हुने देखिन्छ।

### १०.२ गाउँपालिकाको प्रतिवद्धता

नदी जन्य प्रकृतीक पदार्थहरु ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, संकलन कार्यलाई व्यवस्थित र वातावरण मैत्री बनाउन निम्न प्रतिवद्धताहरु दिइएका छन्।

- अनुगमन योजनामा दिइएका न्युनीकरणका उपायहरुको अनिवार्य कार्यान्वयन र त्यसको नियमित अनुगमन गरिनेछ।
- स्थानीय स्तरमा पर्यावरण, सामाजिक, सास्कृतिक विषयवस्तुहरुलाई महत्वका साथ उचित व्यवस्थापन गरिने छ। स्थानीयवासीहरुसँग नियमित रुपमा उनीहरुको राय सुझाव लिइनेछ।
- रोजगारीको लागि स्थानीयलाई प्राथमिकता दिइनेछ।
- प्रत्येक वर्ष बर्षायाम सकिए पछि थुप्रिएको ढुङ्गा, गिट्टी, बालुवाको परिमाण नाप जाँच अभिलेख राखिनेछ।
- उत्खनन् कार्य नदी च्यानल देखि गरिने छैन।
- कामदारहरुको लागि व्यवसायिक स्वास्थ्य र सुरक्षाको उपायहरु अपनाइने छ।

- बालबालिकालाई कामदारको रुपमा प्रयोग गरिने छैन ।
- ठेक्का सम्झौतामा उल्लेख भएको परिमाण, स्थान आदिको नियमित अनुगमन गरिनेछ ।
- वनसँग समन्वय गरी राजस्व संकलनमा ऐक्यवद्धता प्रणालीको पहल गरिनेछ । सामुदायिक वन क्षेत्रसँग समन्वय गरि सिमा एकिन गरि नदि जन्य पदार्थ उत्खनन् गर्ने व्यवस्थाको अनुगमन गरिने छ ।
- जिल्ला स्थित प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भएको जिल्ला अनुगमन समितिद्वारा नियमित अनुगमन गरिनेछ ।
- समग्र क्रियाकलापको अनुगमनको लागि भूगर्भविद्, हाइड्रोलोजिस्ट, वातावरणविद्, वनविज्ञ, समाजशास्त्री आदि विशेषज्ञहरु सम्मिलित अनुगमन टोली निर्माण गरिनेछ ।

अनुसुची १ : सार्वजनिक सुचनाको अर्धकट्टी

छ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाकुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना !

प्रथम पटक सूचना प्रकाशन मिति :२०७८/०९/१८

छ्याङलेख गाउँपालिकाको वडा नं. १ भएर बग्ने सिम्ले खोला, वडा नं. २ भएर बग्ने ठाडो खोला, वडा नं. १,२ र ३ भएर बग्ने मरिण खोला, वडा नं. ३ र ४ भएर बग्ने तामाजोर खोला, र वडा नं. ५ भएर बग्ने रामपुर खोला, राङचा खोलाहरुबाट ढुङ्गा, गिटि, बालुवा, रोडा तथा नदीजन्य पदार्थहरु सङ्कलन तथा उत्खनन् गर्ने कार्यलाई व्यवस्थित गर्न प्रारम्भिक वातावरणीय परीक्षण गरी प्रतिवेदन तयार गर्ने शिलशिलामा वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ को अनुसूची २ अनुसार प्रारम्भिक वातावरणीय परीक्षणको अध्ययन गर्नुपर्ने भएकोले नियमावलीको नियम ४ को उपनियम २ बमोजिम उक्त प्रस्ताव कार्यान्वयन हुँदा देहायका क्षेत्रमा प्रस्तावित कार्यबाट पर्नसक्ने भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक एव तिनका अवयवहरु र अन्तरसम्बन्धमा पर्ने प्रभावहरुको बारेमा सम्बन्धित गाउँपालिका वडा क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी र सरोकारवाला व्यक्ति एवं संघ संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र लिखित राय सुझाव र प्रतिक्रिया पठाई सहयोग गरिदिनु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

तपशिल :

| क्र.सं. | खोलाको नाम | अध्ययन गरिने क्षेत्र | प्रभावित गाउँपालिका क्षेत्र |
|---|---|---|---|
| १ | सिम्ले खोला | सिम्ले खोला आसपासका क्षेत्रहरु | गाउँपालिकाको वडा नं. १ |
| २ | ठाडो खोला | चन्दनपुरको बगर क्षेत्रहरु | गाउँपालिकाको वडा नं. २ |
| ३ | मरिण खोला | खोलाका आसपासका ठाउँहरु | गाउँपालिकाको वडा नं. १,२ र ३ |
| ४ | राङचा र रातु खोला | रामपुर बजार क्षेत्र | गाउँपालिकाको वडा नं. ५ |
| ५ | तामाजोर खोला | खोलाको बगर क्षेत्र | गाउँपालिकाको वडा नं.३ र ४ |

सुरेश कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची २ : परिक्षण सुची/जाच सुची एवं प्रश्नावली

संकलन/उत्खनन् गरिने परिमाणको आकलन

| क.स | उत्खनन् क्षेत्र | उत्खनन् क्षेत्रको चौडाई मि) | उत्खनन् क्षेत्रको लम्बाई मि) | उत्खनन् क्षेत्रको औसत उचाई मि) | ढुंगा, गिट्टि, बालुवा जम्मा भएको परिमाण घ.मि) | उत्खनन् गर्न सकिने जम्मा परिमाण | IEE अनुसार उत्खनन् गर्न मिल्ने परिमाण ( घ.मि) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

उत्खनन् क्षेत्रको विवरण

| क्र.स | उत्खनन् क्षेत्र | वडा | उचाई (मि) समुन्द्र सतहवाट | अक्षांश | देशान्तर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

चेकलिस्ट

सिन्धुली जिल्लाको घ्याङलेख गाउँपालिका वडा नं १ भएर बग्ने सिम्ले खोला, वडा नं २ भएर बग्ने ठाडे खोला, वडा नं १, २ र ३ भएर बग्ने मरिण खोला, वडा नं ३ र ४ भएर बग्ने तामाजोर खोला, वडा नं ५ भएर बग्ने रामपूर खोला र राङ्चा खोला क्षेत्रहरुबाट दिगो रुपमा ग्रावेल ,वालुवा उत्खनन्/संकलनकार्य गर्नको लागि प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन तयार गर्दा स्थानिय संग गरिने छलफल गर्न तयार पारिएको प्रस्नावलीको खाका ।

भौतिक, जैविक, आर्थिक, सामाजिक तथा सांस्कृतिक वातावरणको आँकाडा संकलन खाँका

१. उत्खनन् स्थलको आधारभुत अवस्था

क. उत्खनन् स्थलको नाम

| अवस्थिति | | | कोअर्डिनेट | उचाइ | भु-वनोट/भौगोलिक अवस्था |
|---|---|---|---|---|---|
| जिल्ला | गा.पा. | वडा | | | |
| | | | | | |

ख. प्रस्ताव विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खोलाको प्रकार/प्रकृती | | | | | | |
| उत्खनन् स्थलको नाम तथा सुरु र अन्तिम विन्दु | | | | | | |
| उत्खनन् स्थलको सरदर लम्बाई र चौडाई | | | | | | |
| उत्खनन् स्थलमा खोलाको सरदर चौडाई | | | | | | |
| थेग्रीने सेडिमेन्टको प्रकार | माटो | वलुवा | ढुंगा | गिट्टी | पेवेल | चट्टान |
| उत्खनन् स्थलमा भौतिक पुर्वाधार | सडक | खानेपानी | सिचाई | विद्युत | स्वास्थ्य सेवा | विद्यालय |
| धर्मिक तथा सांस्कृतिक स्थलहरु | मन्दिर | चर्च | गुम्वा | चिहान | | |
| उत्खनन्को लागि प्रयोग हुने सामाग्री | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सडकको अवस्था | राजमार्ग | कच्ची | गोरेटो | अन्य | |
| जमिनको उपयोग | जंगल | खेति | बस्ति | बाझो | अन्य |
| भैगर्भिक बनावट | | | | | |

ग. प्रस्ताव कार्यन्वयन वाट उर्त्सजन हुने वस्तु

ठोस :

तरल :

ग्याँस :

घ. इन्धन खपत :

ङ. प्रविधिको प्रयोग :

च. कामदारको श्रोत :

छ. आवश्यक वस्तु :

ज. निर्माण वस्तुको श्रोत :

२. भौतिक वातावरण

क भुगोल तथा भौगर्भ अवथा

| प्रस्तावको क्षेत्र | उचाई | वहाव | मोहडा | भौगर्भ | भू-बनोट | माटोको प्रकार |
|---|---|---|---|---|---|---|
| दायाँ | | | | | | |
| वायाँ | | | | | | |
| पहुँच सडक | | | | | | |

ख. भूउपयोग अवथा

| क.स | भू-उपयोग प्रकार | क्षेत्रफल/हेक्टर/रोपनी | अवस्थिति/न.पा./वडा |
|---|---|---|---|
| १ | जंगल | | |

| | | | |
|---|---|---|---|
| २ | झाडी | | |
| ३ | खेतीपाती | | |
| ४ | वाझो जमीन | | |
| ५ | खोला, खोला, चट्टान | | |
| ६ | अन्य | | |

ग. जलवायुको अवश्था :

घ. प्रस्ताव क्षेत्र भित्रका मुख्य खोला नाला :

ङ. सम्वेदनशिल क्षेत्रहरु भू-क्षय क्षेत्र वाडी लाग्ने क्षेत्र :

च. महत्वपुर्ण क्षेत्र :

छ. खाली ठाउँ खेल चौर, चौतारा, अन्य :

झ. हावाँ, पानी र ध्वनी प्रदुषण :

३. जैविक वातावरण वनस्पति तथा जंगलको आकडा संकलन खाका

क. जंगलको स्थलगत अवश्था

| अवस्थिती | प्रस्ताव क्षेत्र वाट | जंगलको प्रकार | | | | अनुमानित क्षेत्रफल/हेक्टर | बनावट | व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|
| | | निकुञ्ज | राष्ट्रिय वन | सामुदायिक वन | निजि | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

ख. स्थलगत वनस्पति तथा जनावर

| अवस्थिती | वनस्पति | जडिबुट्टी | जनावर/चरा | जलचर | सुरक्षित जनावर/वनस्पति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ग. वनपैदावारको मुख्य श्रोत

| वनको नाम | इन्धन/दाउरा/घाँसपात (परिमाण) | काठ (परिमाण) | जडिवुट्टि ( परिमाण) | प्रस्तावित प्रस्तावको प्रभाव उत्खनन्/संकलन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

४. आर्थिक, सामाजिक तथा सांस्कृतिक वातावरण

क. प्रभाव क्षेत्रको वसोवास

| गा.पा.को नाम तथा वडा | वसोवासको नाम | मुख्य जनजाति | घर संख्या | जनसंख्या |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

ख. घर तथा जनजाति

| गा.पा.तथा वडाको नाम | घर संख्या/जनसंख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वाह्मण | क्षेत्री | थारु | नेवार | मगर | यादव | पास्वान | राम | दलित | अन्य |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

ग. प्रभाव क्षेत्र भित्रको व्यक्तिगत सम्पत्तिको विवरण

| अवस्थिती | घर/चिया पसल/भौतक संम्पति | कृषि योग्य जमिन/हेक्टर | जलश्रोत/मुल/धारा/ ईनार | विद्युत खंवा | नर्सरी/बगैचा | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

घ. प्रस्ताव क्षेत्र भित्र कामदारको अवस्था

| न.पा./वडा/वस्ति | संख्या/प्रकार/दैनिक ज्याला | | | महिला | पुरुष |
|---|---|---|---|---|---|
| | सिप भएको | अर्ध सिप भएको | सिप नभएको | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ङ. मुख्य पेशा

| गा.पा./वडा/वस्ति | मुख्य पेशा/जनसंख्या/घर परिवार | | | |
|---|---|---|---|---|
| | कृषि | व्यवसाय | नोकरी | अन्य |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

च.प्रस्ताव क्षेत्रमा हुने फाइदा जनक कार्य

| न.पा./वडा | वस्ति | घर संख्या | जनसंख्या | फाइदा हुने क्षेत्र |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

छ. महत्तोपूर्ण स्थान/पर्यटकिय क्षेत्र :

ज. वसाई सराई प्रवृति


| न.पा./वडा | वस्ति | उद्येश्य | घरपरिवार | विवरण | सरदर वस्ने समय | विप्रेशण/व्यक्ति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

झ. निर्यात/आयात

ञ. सरदर जमिनको स्वामित्व


| न.पा./वडा | वस्ति | सिनंचित जमिन | सिचाई नहुने जमिन | खरवारी | जंगल | मुख्य वाली |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

अनुसुची ३ : अध्ययन नक्सा तथा तस्विरहरु





प्रमुख प्रशासकिय अधिकृत


62




प्रमुख प्रशासकीय अधिकृत

CamScanner



Tamajor Khola
River-bed Construction Materials
Legend
River-bed Construction Materials Deposit
Google Earth
700 m


Rampur Khola
River-bed Construction Materials
RAMPUR BAZAR
Legend
River-bed Construction Materials Deposit
Google Earth
700 m



CamScanner








CS CamScanner



Simle Khola
River-bed Construction Materials
N
Legend
River-bed Construction Materials Deposit
Google Earth
100 m

प्रमुख प्रशासकीय अधिकृत


CamScanner



Simle Khola
27°18'15" N 85°51'25" E 32°NE COURSE 127° GPS
15:38:34 11.16.2021
ACCUR +/- 8.2 M ALT 532 M



Marin Khola
27°19'22" N 85°48'40" E 151°SE COURSE 199° GPS
14:10:31 11.16.2021
ACCUR +/- 5.0 M ALT 806 M



Rampur Khola
27°21'29" N 85°43'53" E 277°W COURSE 0° GPS
12:10:17 11.16.2021
ACCUR +/- 5.1 M ALT 793 M



Thade Khola
27°19'30" N 85°47'52" E 341°N COURSE 0° GPS
14:03:04 11.16.2021


Simle Khola
27°18'14" N 85°51'25" E 132°SE COURSE 0° GPS
15:38:13 11.16.2021



Simle Khola
27°18'22" N 85°51'16" E 226°SW COURSE 246° GPS
15:42:35 11.16.2021
ACCUR +/- 23.7 M ALT 559 M


Chandanpur-Mann khola
27°19'35" N 85°47'27" E 51°NE COURSE 0° GPS
13:58:56 11.16.2021
ACCUR +/- 17.9 M ALT 894 M


Mann Khola
27°19'34" N 85°47'5" E 229°SW COURSE 160° GPS
13:51:17 11.16.2021
ACCUR +/- 6.7 M ALT 879 M


Tamajor Khola
27°20'34" N 85°45'48" E 357°N COURSE 68° GPS
12:51:42 11.16.2021
ACCUR +/- 4.3 M ALT 901 M



Chandanpur - Marin Khola
27°19'35" N 85°47'27" E 48°NE COURSE 201° GPS
13:58:18 11.16.2021
ACCUR +/- 14.3 M ALT 891 M


Rampur khola
27°20'57" N 85°43'38" E 122°SE COURSE 331° GPS
11:37:59 11.16.2021
ACCUR +/- 18.9 M ALT 720 M

ग्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

आर. डि. ईन्जिनियरिङ


Thade Khola
27°19'30" N 85°47'52" E 115°SE COURSE 347° GPS
14:03:27 11.16.2021
ACCUR +/- 11.8 M ALT 851 M

दर्ता नं ६००१२/१५१३
स्था ले नं ६०६०२३०८९

# आर. डि. ईञ्जिनियरिङ कन्सल्टेन्सी

का.म.न.पा. वडा नं. ४ धुम्वाराही, काठमाडौं

पत्र संख्या: ०८८/०८९
चलानी नं. ४०३

मिति: २०८८/११/०१

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
घ्याङलेख गाउँपालिका
सिन्धुली ।

विषय :- प्रतिवेदन पेश गरिएको सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयवाट प्रकाशित सुचना वमोजिम यस गा.पाको वडा नं. १ भएर वग्ने सिम्ले खोला, वडा नं. २ भएर वग्ने ठाडे खोला र वडा नं. १, २ र ३ भएर वग्ने मरिण खोला क्षेत्रहरुवाट गिटी, वालुवा लगायतका नदीजन्य पदार्थ उत्खननका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्न यस संस्थासँग सम्झौता भई कार्य सम्पन्न गरि २ प्रती प्रतिवेदन यसै पत्रासाथ पेश गरिएको जानकारी श्रीमान समक्ष अनुरोध गर्दछु ।

राजन कुमार गोले

निवेदक

प्रशासकीय अधिकृत

→ online bidding गर्दा IEE प्रतिवेदन लाग्ने र आवश्यक कार्यपालिका बैठकमा पेश गर्ने ।

→ Sand/gravel पेश गर्ने

२०७९/०१/०६

३४६
२०७९/०१/०६

आज मिति २०७८ साल फागुन १० गते मंगलबारका दिन घ्याङलेख गाउँ कार्यपालिकाको अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बैठक बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी माया वाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमाली माया वि.क. | सदस्य | |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | |
| १४ | श्री सुरेश कुमार अधिकारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

**अन्य उपस्थिति :**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुदिप थापा | सूचना प्रविधि सहायक | |
| २ | | | |
| | | | |

## घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठक
### मिति २०७८ फागुन १० गते मंगलबार
### बैठकका प्रस्ताव तथा निर्णहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. ५ वर्षे कार्यकालको समिक्षा सम्बन्धमा ।

३. भो.पु. कार्यन्वयन सम्बन्धमा ।

४. शिक्षा समितिको निर्णय सम्बन्धमा ।

५. वडा नं. १ सिम्लेखोलामा पक्की पुल निर्माणको DPR कार्यको भुक्तानी सम्वन्धमा ।

६. DPR गर्ने सम्बन्धमा ।

७. गाउँपालिकाले जग्गा प्राप्त गर्ने सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णहरुको समिक्षा गरी कार्यन्वयन भएको तथा कार्यान्वियन हुन बाँकी निर्णयहरुलाई यथाशिघ्र कार्यान्वियन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिकामा मिति २०७४/०२/०५ देखि निर्वाचित जनप्रतिनिधिहरुको आगमन भए देखि हालसम्म सम्पन्न गरिएका विकास निर्माण सम्वन्धी कार्यहरुमा सडक निर्माण, सामुदायिक स्वास्थ्य ईकाइहरुको स्थापना, सामुदायिक विद्यालयहरुमा शिक्षकको व्यवस्थापन, वडा कार्यालय, गा.पा.को भवन निर्माण, भ्यूटावर निर्माणको कार्य प्रारम्भ, खानेपानी तथा सिचाई सम्बन्धी कार्य, राष्ट्रिय विद्युत लाइन विस्तार एवं प्रसारण, फाइवर नेटको व्यवस्थापन, सामुदायिक विद्यालय भवन निर्माण, वर्थिङ सेन्टरको स्थापना, अस्थायी अस्पताल स्थापना, विपद व्यवस्थापनका लागि सुरक्षा निकायहरुलाई सामाग्री हस्तान्तरण, सुरक्षा व्यवस्थापनलाई सुद्धढ बनाउन सि.सि.क्यामेरा जडान, कृषि तथा पशु सम्बन्धी विभिन्न कार्यक्रमहरु, जनचेतनामूलक कार्यक्रमहरु, घ्याङलेखको स्थानीय गित तथा लोगो निर्माण, टोकन प्रणालीको शुरुवात जस्ता महत्वपूर्ण कार्यक्रमहरु संचालन गरिएको व्यहोरा सबैमा जानकारी गराउने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. ७ :-** प्रस्ताव नं.७ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिका वडा नं. २ बस्ने श्री औतार सिं भ्लोनले यस कार्यालयमा दिनु भएको निवेदन अनुसार गाउँपालिकाले निर्माण गर्ने सेफ हाउसको लागि आवश्यक पर्ने जग्गा कित्ता नं. ८क८०३ को क्षेत्रफल २-४-०-० भएको जग्गाबाट लम्बाई ......, चौडाई ...... बाट हुन आउने क्षेत्रफल बराबरको जग्गा आफ्नो राजीखुशीले गाउँपालिकालाई प्रदान गर्नु हुने भएको हुँदा उक्त जग्गा दाता प्रति कृतज्ञता जाहेर गर्दै रजिष्ट्रेशन पासको लागि मालपोत कार्यालय सिन्धुलीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** विविध सम्बन्धमा छलफल गर्दा :

क) घ्याङलेख गाउँपालिकाको वडा नं. १ देखि ५ सम्मका क्रमश सिम्लेखोला, ठाडो खोला, मरिण खोला, रातु र राङ्चा खोला, रामपुर खोला र तामाजोर खोलाहरुको IEE गर्ने कार्यको कोटेसन माग गर्दा सबभन्दा कम मूल्यको प्रस्तावना पेश गर्ने आर.डि. इन्जिनियरिङ कन्सल्टेन्सी, धुम्वाराही काठमाण्डौले तयार गरेको IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

जगत बहादुर भोलव
अध्यक्ष

सुरेश कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत